CC-0. In Public Domain. Digitization by eGangotri

२८२.

त्रिवेणी माहात्म्य

(पौराणिक सन्दर्भसहित)

लेखक

श्रीहरि रूपाखेती

प्रकाशक

त्रिवेणी धर्मसंघ, वाणस्थली

काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

त्रिवेणी माहात्म्य

(पौराणिक सन्दर्भसहित)

– श्रीहरि रूपाखेती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक-

त्रिवेणीधर्मसंघ, थानकोट वाणस्थली
काठमाडौं, नेपाल ।

त्रिवेणी प्रकाशन शृंखला–१

प्रथमसंस्करण–१०००

सर्वाधिकार–
त्रिवेणी धर्मसंघमा सुरक्षित

विक्रम संवत् २०५० साल
श्रीकृष्ण संवत्
५२१९
सन्
१९९३

29876

मूल्य रू. १०।–

मुद्रक: शोभा प्रेस, ज्यावहाल, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

क्रम	विषय	पृष्ठसंख्या
१	श्री १०८ स्वामी नरेश्वरानन्दज्यू बाट प्राप्त आशिष-संमति	(ङ)
२	श्रीकिशोरकुमार गौतम बाट प्राप्त शुभ-संमति ।	(छ)
३	प्रकाशकीय	(झ)
४	प्रस्तावना	१
	क) नेपाल नेपाली र पशुपतिनाथ	२
	ख) स्कन्दपुराण र हिमवत्खण्ड	४
	ग) हिमवत्खम्ड र नेपालमाहात्म्य	६
५	उत्तमोत्तम क्षेत्र	१०
६	त्रिवेणी माहात्म्य	११
	क) नेपाल	१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ख) विरूपाक्ष १५
ग) श्रीचन्दनभराटेश्वर १८
घ) लिङ्गतीर्थ त्रिवेणी २१
७ परिशिष्ट भाग ३३
क) पञ्चवक्त्रं त्रिनेत्रम् ३६
ख) शिवस्यार्धं प्रदक्षिणा ४०
८ सन्दर्भसहायक सामग्रीसूची ४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदान्ताचार्य श्री १०८ स्वामी
नरेश्वरानन्द गिरी

ऋष्यश्रृङ्ग-पशुपति संन्यासआश्रम, पशु.तिबाट प्राप्त

आशिष र सम्मति

सिगै संसार परब्रह्म परमेश्वरको लीलामय सुकीर्ति हो । यस सृष्टिको सब्बभन्दा बढी चेतनशील प्राणी मानिस हो । यो आफ्नो सत्कार्यरूपी कीर्ति कायम गरेर पाञ्चभौतिक शरीर छाडेर जान्छ । यही केही शताब्दीसम्म रहने कीर्ति-लाई बनाउने चेतन ब्रह्म नै हो । त्यसै ब्रह्मका प्रेरणाद्वारा यी कीर्तिहरू प्रायः हुन्छन् । कीर्तिले सहित यो जगत् नाशवान् हो । प्रेरणा गर्ने प्रेरक ब्रह्ममात्र सत्य हो । अतः हामीले त्यो ब्रह्मको नित्य-निरन्तर चिन्तन गर्दै रहनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्तिहरू अतः नाशवान् हुन् तापनि केही शताब्दी-सम्म रहने कीर्तिको हस्तपादादि इन्द्रियद्वारा ती कीर्तिहरूलाई अभिवृद्धि गर्दै समाजको सेवा गर्दै जाओं। यही हामी मानव-मात्रको कर्तव्य हो।

"त्रिवेणी धर्मसंघ" बाट प्रकाशित "त्रिवेणीमाहात्म्य" मैले हेर्ने मौका पाएँ। यो पुस्तक श्रीहरि रूपाखेतोले लेख्नु-भएको रहेछ। अति नै खुसी लाग्यो। यस पुस्तकले समाजमा समुचित महत्त्व राख्नेछ। यस्ता पौराणिक आधारमा स्थानीय तीर्थस्थलको महत्त्व राख्ने पुस्तकको अति आवश्य-कता छ। यो एउटा लेखकले प्रशंसनीय कार्य गर्नु भएको छ। उहाँको परिश्रमप्रति म आशीर्वादात्मक धन्यवाद दिन्छु।

साथै यस्तो पुनीत कार्यमा अग्रसर रहने प्रकाशकवर्ग पनि धन्यवादको पात्र हो। यस्ता सुकार्यहरू गरी समाज-मा धर्मप्रतिको विश्वास एवं आस्था जगाउँदै जाने प्रेरणा भगवान् पशुपतिनाथबाट सबैलाई प्राप्त होस्; यही मेरो आशीर्वाद छ। यसै गरी समाजको सेवा गर्दै जाओं; हाम्रा क्रियाकलापबाट समाजमा सेवा पुगोस्। हरि ॐ तत्सत्।

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुभ-सम्मति

– किशोरकुमार गौतम

प्रस्तुत "त्रिवेणीमाहात्म्य" नामक पुस्तकको पाण्डुलिपि अध्ययन गर्ने अवसर पाइयो। त्रिवेणी धर्मसंघ, धाणस्थली, काठमाडौंको प्रथम प्रकाशन यस पुस्तकमा स्थानीय तीर्थ त्रिवेणीको माहात्म्य पौराणिक सन्दर्भसहित वर्णन गरिएको छ।

विश्वको एकमात्र हिन्दू अधिराज्य नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्वलाई अभिवृद्धि गर्दै समाजोपयोगी, रचनात्मक तथा सेवामूलक कार्य गरी राष्ट्रमै आध्यात्मिक जागरण ल्याउनु पर्ने आजको आवश्यकता छ। "त्रिवेणी धर्मसंघ" नामक यस संस्थाले अति राम्रो उद्देश्य लिएर यस पवित्र पुस्तकलाई प्रकाशित गरी समाजमा सेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याउने जुन लक्ष्य लिएको छ; त्यो अत्यन्त प्रशंसनीय कार्य मैले ठानेको छु । यस्तो महत्त्वपूर्ण पुस्तक प्रकाशन गर्ने "त्रिवेणी धर्मसंघ" संस्थाको उत्तरोत्तर प्रगतिको लागि भगवान् पशुपतिनाथसंग प्रार्थना गर्दछु ।

यस पुस्तकका लेखक श्रीश्रीहरि रूपाखेतीज्यूले निकै परिश्रम गर्नु भएको छ । पुराणहरूको अध्ययन गरी संक्षेपमा केही महत्त्वपूर्ण तीर्थस्थल र स्थानहरूको ऐतिहासिक–पौराणिक महत्त्वमाथि प्रकाश पार्नु भएको छ । यो एउटा प्रशंसनीय कार्य गर्नु भएको छ । पुस्तक सानो भए पनि गुणात्मक दृष्टिले हेर्दा यसको महत्त्व ठूलो छ । सरल भाषा-शैलीमा लेखिएको यस पुस्तकले समाजमा ठूलो लाभ पुऱ्याउने र स्थानीय धार्मिक क्षेत्रको महत्त्वलाई अभिवृद्धि समेत गर्ने कुराको मैले विश्वास लिएको छु ।

लेखक श्रीरूपाखेतीज्यूको यस उल्लेखनीय परिश्रमप्रति उहाँलाई धन्यवाद दिदै अरू पनि यस प्रकारका पुस्तकहरू तयार गरी राष्ट्रमा योगदान पुऱ्याउन सक्नुहोस् भन्ने शुभ-कामना सहित यो शुभसम्मति समाप्त गर्दछु ।

उपसभापति
विश्वहिन्दु महासंघ, नेपाल राष्ट्रिय समिति ।
तथा
केन्द्रीय महासचिव
नेपाल सन्तसमाज ।

मिति २०५०–६–२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– प्रकाशकीय

स्थानीय बोलिचालीको भाषामा 'मन्याङघाट' भनिने यस त्रिवेणीघाटको प्रसिद्धि प्राचीन कालदेखि नै थियो । यस पवित्र थलोको महिमा स्कन्दपुराणमा भेटिदा हामी कसलाई गौरवको अनुभव नहोला! तर यो ठाउँ अव्यवस्थित अवस्थामा अनकन्टारमा त्यसै परिरहेको थियो । झ्याउ नें झ्याउले शरीर ढाकिएको कुनै जीर्णतन तपस्वी जस्तो थियो । खाली यस भेगका बूढापाकाहरूको कुराकानीको एउटा प्रसङ्ग अथवा परम्पराको आडमा आफ्नो सक्कली परिचयको प्रतीक्षामा यो रहेको थियो । सबै 'त्रिवेणी" भन्थे । "यो निकै ठूलो धार्मिक तीर्थको ठाउँ हो ।" चौतारीमा बसेर हाम्रा गाउँघरका वयोवृद्धहरू यसका बारेमा आफूले सुने अनुसारको बयान गर्थे । त्रिवेणी घाटको महिमा, माहात्म्य बारे औपचारिक जानकारीभन्दा बढी धार्मिक विश्वासले यस ठाउँलाई बचाइराखेको थियो । यसका सम्बन्धमा आफ्नै ढङ्गमा चर्चा हुने गर्दथ्यो । यसै परम्परामा त्रिवेणीको सम्बन्धमा मैले पनि आफ्नो बालसंस्कारमा केही कुराहरू संगालेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनमा आपनो उमेर अनुसारको अनुभूति हुने गर्दथ्यो । यस्तो महत्त्वपूर्ण घाटको नाम अनुसारको काम भए कस्तो होला ! भन्ने कल्पना गरी विक्रम संवत् २०१४ सालमा त्यस भेगका हामीहरूलाई बुनै ईश्वरीय साउती भयो हो र त्रिवेणी धर्मसंघको बीजारोपण भएको होला । वाणस्थली गाउँको चौतारीको छलफलले संघको जन्म दिएछ । यसरी त्रिवेणी घाटको मर्मत सुधारको श्रीगणेश भएको कुरा मैले आफ्नो सम्झनामा संगाली राखेको छु ।

त्यस संघको मूल उद्देश्य उक्त त्रिवेणी घाटको आवश्यक व्यवस्था गर्नु र समाजमा फैलिएका विकृति हटाई सनातन धर्म र सदाचारको प्रचार-प्रसार गर्नु रहेको थियो । यही प्रमुख उद्देश्यका साथ संघको कार्यक्रम थालियो । यस ठाउँमा ढुङ्गाका सिढी बनाउनु, कृष्णमन्दिर, मूर्ति स्थापना गर्नु र अन्य भौतिक सुविधातिर ध्यान दिने कामहरू भए । वाणस्थलीका स्व. कप्. खड्गबहादुर कार्कीले उन्ताका एउटा पाटी बनाइ दिनुभएको थियो ।

उक्त पुरानो पाटी प्रकृतिले गर्भस्थ गरेपछि त्रिवेणी धर्मसंघले अर्को पाटी त्यहीं बनायो र सो पाटीको निर्माण निमित्त तत्कालीन जिल्ला विकास समिति, काठमाडौंबाट रू. १ हजारको आर्थिक सहयोग पनि प्राप्त भएको थियो । जनसहभागिताद्वारा कार्य सञ्चालन गरियो । २०१६ सालमा तत्कालीन यातायात सहायकमन्त्री ललितचन्दवाट घाटनिर्माणको शिलान्यास पनि गरियो । यसरी यस घाटका सुधार र मर्मतका काम हुँदै गएका हुन् ।

एकातिर यस्तै सुधारका काम हुन्थे भने अर्कातिर प्राकृतिक परिवर्तन पनि भइरहन्थ्यो । वर्षाको वेला नदीको बाढीले यस ठाउँको व्यवस्थालाई खलबल्याइदिने पनि गर्दथ्यो । कामका क्रमहरू रोकिन्थे र फेरि चल्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०१८ सालमा त्रिवेणी धर्मसंघको आयोजनामा एक लक्षहोमको कार्य निर्विघ्न सम्पन्न भयो । यस धार्मिक कार्यमा वाणस्थली लगायत त्यस भेगका असंख्य ग्रामीण जनसमुदायको सहभागिता रह्यो ।

"त्रिवेणी मेला भरौं, पुण्य कमाऔं" भन्ने नारा सहितका हजारौं पर्चा–पाम्पलेट वितरण गरी प्रचार कार्य गरियो । धर्मलोप नहोस्; प्राचीन रीतिथिती कायम रहोस्, हाम्रा विश्वासहरू कुण्ठित नहोऊन् भनेर २०१७ सालको कार्तिक महिनादेखि यस ठाउँमा अज्ञात कालदेखि चलिआएको परम्परागत त्रिवेणी मेला पुनः शुभारम्भ गरियो । हजारौं श्रद्धालुहरूले यहाँ मेला भरे; स्नान–पूजा आदि गरे । यस पुण्यतिथिको सम्बन्धमा पञ्चाङ्ग निर्णायक समितिमा प्रस्ताव गरी पात्रोहरूमा सो तिथिको पर्वदिनको रूपमा नियमित उल्लेख गर्ने निर्णय गराइयो । पञ्चाङ्ग - (पात्रो) मा त्रिवेणी मेलाको संकेत गर्ने चलन चलिसकेको छ ।

कालक्रमले पुनः त्रिवेणी घाटको भौतिक सुविधा, कृष्णमन्दिर आदिलाई प्रभाव पार्‍यो । संभार–सुरक्षाको कमीले खोलाले घाटलाई पूरै पुरिदियो । सो उल्लिखित पाटी र कृष्णमन्दिरलाई पनि आघात पुर्‍यो । यस पंक्तिलेखकका मनमा पुनः ईश्वरीय आदेश भए अनुरूप यस घाटमा रहेका बाधा–अवरोध हटाई सुधारलाई अझ परिमार्जित गर्ने उद्देश्यले २०४७ सालका दिनमा पुनः त्रिवेणी धर्मसंघ अन्तर्गत 'त्रिवेणीघाट पुर्ननिर्माण समिति' गठन गरियो । यस समितिमा वाण-स्थली, इटाखेल, दहचोक, बाडभंज्याङ र थानकोट आदि यस भेगका सबै श्रद्धालु सज्जनहरूको सहभागिता रह्यो । ईश्वरले सबैलाई प्रेरणा दिए । हामी सबैका मनमा श्रद्धा जाग्यो । पुरिएका सिढी, पाटी आदिको यथोचित खनन, उद्धार गरियो । प्रशस्त जनसहभागिता रह्यो । सबैका सहमतिमा अर्थसंकलन गर्ने निर्णय भयो । धमाधम निर्माणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम थालिए । सो क्रम चालू नै छ । संघले एकातिर निर्माणका काम गऱ्यो भने अर्कातिर धार्मिक पौराणिक आस्था जगाउने काम पनि भौका छोपी संचालन गर्दै आयो । सप्ताहयज्ञ, अन्य सामयिक यज्ञ–यागादि, पूजा–पाठ, भजन–कीर्तन र मेलामा प्रवचन कार्यक्रम आदि पनि सघको आयोजनामा हुँदै आएका छन् ।

यहाँनेर एउटा अर्को कुन कुरो पनि स्मरणीय छ भने वाग्मती र विष्णुमतीको संगम टेकु हाम्रो यस भेगको मृत्यु संस्कारको थलो हो । अब प्रदूषित जलप्रवाह र त्यहाँको ठाउँ नै अति प्रदूषणयुक्त भई दिनाले यतातिरबाट जाने लासहरू जलाउने वा सत्कृति गर्ने काममा ठूलो अवरोध खडा भएको छ । अतः यसको समाधान पनि अब सोही त्रिवेणी घाटको जिम्मामा पर्न गएको अनुभव गरियो । अतः त्यहाँ २ ओटा शवदाह एकै समय हुने गरी चिताको निर्माण गरियो । विरानी घाट लाने चलन अनुसार सो समस्याको समाधानको क्रममा एक ब्रह्म-नाल पनि निर्मित भएको छ । यो पुण्यकार्य वाणस्थलीका श्रीपद्मकुमारी थापा मगरको सौजन्यबाट भयो । त्यस्तै स्वभावतः आवश्यक भस्मेश्वर शिवलिङ्गको विधिवत् स्थापना काठमाडौं, ठहिटी निवासी श्रीशिवजी श्रेष्ठबाट भएको छ । विभिन्न श्रद्धालुहरूको संयुक्त सहयोगबाट त्यहाँ एउटा पक्की पाटी पनि बनेको छ । यस प्रकार पावन तीर्थस्थल त्रिवेणी घाटको वर्तमान अवस्थामा अब निकै नै सुधार भएको छ भन्नु अत्युक्ति नहोला ।

यहाँ ठाउँ-ठाउँ 'प्राकृतिक परिवर्तन' शब्दको प्रयोग भेटिन्छ । हुन पनि हो, नदीको बाढीले वर्षायाममा घाटको हानि–नोक्सानी पुऱ्याउने गर्दछ । अतएव तीर्थस्थलको विद्यमान रूप-आकारमा कत्ति पनि बाधा नपर्ने गरी अब त्यहाँ सुदृढ रूपमा तारको जालीमा ढुङ्गा भरी संरक्षणपर्खाल बनाउने योजना गरिसकिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि यस्ता सानातिना प्रसङ्ग प्रकाशकीय स्तम्भमा नआउनु पर्ने हो । त्रिवेणी धर्मसंघको यो सानो प्रकाशन आर्थिक अर्थमा दुब्लो छ । आफ्नो दुब्लोपनको अभिव्यक्तिद्वारा आस्थाशील उदारहृदयी सज्जनहरूको ध्यान यस क्षेत्रप्रति आकर्षित गर्नु पनि यसको कर्तव्य रहेकाले संघको निर्माण गतिविधि सम्बन्धी कतिपय कुरा यहाँ समावेश गर्ने लोभ मैले संवरण गर्न सकिन । यस निमित्त पंक्तिलेखक क्षमायाचना गर्दछ ।

एवंरीत्या यस क्षेत्रको अझ प्रशस्तै निर्माण र सुधारको आवश्यकता छ । यो एउटा कडी नै हो भने अर्को यस स्थानीय तीर्थको पौराणिक प्रसंग सहित "त्रिवेणी–माहात्म्य" सर्वसाधारणमा उपलब्ध गराउनु पनि संघले आफ्नो कर्तव्य महसूस गऱ्यो । यही कुरालाई ध्यानमा राखेर त्रिवेणी धर्मसंघको मिति २०४९ साल माघ १० को निर्णय अनुसार प्रस्तुत पुस्तक प्रकाशित गरिएको हो ।

श्री १०८ स्वामी नरेश्वरानन्द गिरी, वेदान्ताचार्य ज्यूबाट यस संघलाई जुन आशीर्वादात्मक सम्मति प्राप्त भएको छ । त्यसप्रति त्रिवेणी धर्मसंघ श्रद्धानत छ र हार्दिक कृतज्ञता निवेदन गर्दछ ।

त्यस्तै विश्व हिन्दु महासंघ नेपाल, राष्ट्रिय समितिका उपसभापति श्रीकिशोरकुमार गौतम, पुराण–इतिहास तथा सर्वदर्शनाचार्य-ज्यूप्रति पनि यो संघ हृदयदेखि नै आभारी व्यक्त गर्दछ । उहाँले यस सानो कृतिको छोटो तर सटीक मूल्याङ्कन सहित "शुभ सम्मति" लेखिदिनुभएर हामीलाई थप उत्साहित गरिदिनुभएको छ ।

त्रिवेणी धर्मसंघका सदस्य, रत्नराज्यलक्ष्मी क्याम्पसका सहप्राध्यापक, इटाखेलनिवासी श्रीश्रीहरि रूपाखेतीजीले संघको अनुरोध सहर्ष स्वीकार गरी पुस्तक तयार गरिदिनु भएकोमा संघका तर्फबाट उहाँलाई पनि साधुवाद दिन चाहन्छु । संघको थप चाहना अनुसार भगवान् पशुपतिनाथको दर्शन र शिवलिंग प्रदक्षिणाविधि बारे सानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट भाग पनि यस पुस्तकमा समावेश गर्ने निर्णय भयो । झण्डै पुस्तक छापिइसकेको अवस्थामा श्रीरूपाखंतीनीले "परिशिष्ट" को सामग्री सङ्कलन र लेखन पनि जुन रूपमा छिटै गरिदिनु भयो त्यसका निमित्त त्रिवेणी धर्मसंघ कृतज्ञ छ ।

यस्तै पुस्तकप्रकाशनका क्रममा आफ्नो संस्मरण, अनुभव जनश्रुति आदिद्वारा सहयोग पुऱ्याउने बूढा-पाकाहरू, आर्थिक सहयोग दिई आँट बढाइदिने दाताहरू, शुभेच्छुकहरू, छपाइमा शुद्धता दिने क्रममा सहयोग गर्ने 'शोभाप्रेस' लगायत सबैप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु । लेखक-प्रकाशक दुवैलाई ज-जसले जे-जस्तो रूपमा भए पनि होस्टेमा हैसे गरिदिनु भएकोछ; उहाँहरू सबैलाई यो 'त्रिवेणी धर्मसंघ' कृतज्ञता ज्ञापन गर्दछ ।

पुनश्च- "नजिकको तीर्थ हेलां" भन्ने नेपाली उखान छ । अब हामीलाई हाम्रो नजिकको तीर्थ त्रिवेणी घाटको पौराणिक महत्त्व बुझ्न कठिनाइ परेन । पुस्तक यहाँहरूका हातमा छ । अतः यस भेगका सम्पूर्ण धर्मप्रेमी सज्जनवर्गमा यस संघको विनम्र अनुरोध छ- यसको अध्ययन गरौं । आफ्नो तीर्थको माहात्म्य पढौं; चिन्तन-मनन गरौं । कमी-कमजोरी भए विद्वद्वर्गबाट सुधार गरौं । नजिकको तीर्थको हेलाँ चाहिं अवश्य नगरौं । त्रिवेणी धर्मसंघको सबैमा यही विनम्र अनुरोध छ । संघको यो पहिलो प्रकाशन हो । सबै श्रद्धालुहरूबाट शुभेच्छा-सहयोग प्राप्त भएको खण्डमा यस्ता अरू प्रयासहरू पनि गर्दै जाने प्रणका साथ बिदा लिन्छु; धन्यवाद ।

दिनांकः- २०५० वि. सं.
कार्तिकशुक्ल, पूर्णिमा ।

इन्द्रबहादुर कार्की
अध्यक्ष
त्रिवेणी धर्मसंघ, वाणस्थली
काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

श्रीपरमात्मने नमः

प्रस्तावना –

त्रिवेणी, संगम जस्ता शब्दहरू धर्मप्रेमी श्रद्धालु नेपालीका लागि नौला होइनन् । नेपालमा यस्ता ठाउँहरू यत्रतत्र छन् । यहाँ जतातते शिवलिंगहरू छन् । जतातते बुद्धविहार छन् । यहीं साना, ठूला नदनदी-हरू ठाउँ-ठाउँमा भेटिन्छन् । भू-वनोट अनुसार सानाहरू अलि ठूला-हरूसँग र ती ठूलाहरू झन् अझ ठूलासँग मिसिन्छन् । यसरी सप्तकोशी, सप्तगण्डकी र सप्तकर्णाली गरी त्रिसप्त गंगा बहने देशका नेपाली श्रद्धा-लुहरू त्यहाँ जान्छन् । स्नान-पूजा आदि गर्दछन् । यस्ता ठाउँहरू हामी हिन्दूहरूका निमित्त अनेक अर्थमा महत्वपूर्ण हुन्छन् । यो हामी नेपालीको जातीय विशेषता पनि हो ।

यस पुस्तकमा त्यस्तै एउटा पवित्र तीर्थस्थल "त्रिवेणी" को पौराणिक सन्दर्भसहित परिचय दिने प्रयास गरिएको छ ।

स्वर्णधारा नदी पुण्या शक्रदीप्तिस्तथा वरा ।
भस्माख्या संगमे तासां लिङ्गतीर्थमुदाहृतम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुप्रभानगरी (स्वर्णितपुर) थानकोटबाट आउने स्वर्णनदी (गयानदी, गःखु) इन्द्रदहबाट आउने शक्रदीप्ति (इन्द्रावती) नदी र वर्तमान त्रिभुवन स्मारक स्थल हुँदै आउने भस्मनदी (मान्खुखोला) यी तीन पवित्र एवं श्रेष्ठ नदीको संगमस्थल स्कन्दपुराणका अनुसार "लिंगतीर्थ" हो। यही पावन तीर्थ हाम्रो स्थानीय भाषामा "त्रिवेणी" मानिएको छ।

पहिले पुराणकालमा यसको स्वरूप र अवस्था कहाँ नेर कस्तो थियो भन्न सजिलो छैन। अहिले राजधानी काठमाडौंबाट १० कि.मि. पश्चिम लागेपछि थानकोट चेकपोष्टबाट सोझै उत्तर झर्दै बाणस्थली गाउँ छिचलेर २० मिनेट जतिमा त्रिवेणी पुग्न सकिन्छ।

यस ठाउँको पूर्वमा बलम्बु (भास्तिपुर) पश्चिममा सुप्रभानगरी (थानकोट, थः क्वा), उत्तरमा दहचोक, चौकीटार पर्दछन्। त्यस्तै दक्षिणमा चन्दन भराटेश्वरक्षेत्र महादेव गाउँ पर्दछ।

यस ठाउँलाई स्थानीय वासिन्दाको भाषामा "मरनघाट" भन्ने पनि चलन छ। यस ठाउँमा अकाल मृत्यु परेका, कर्म नचलेका वा कमजोर आर्थिक स्थिति भएकाको सत्गति गर्ने (गाड्ने वा जलाउने) पुरानो चलन थियो। यसै कारणले हुन सक्दछ "मरन घाटमा लगेर गाड्नु पर्ने मोरा" जस्ता गालीको शब्दले पनि यस ठाउँको संकेत गर्ने चलन छ। वास्तबमा कुनै बेला इतिहासमा यस ठाउँको नाम 'मरणघट्ट' थियो। यो संस्कृत शब्द हो। "मरण" को नेपाली "मरन" भयो र 'घट्ट" को "घाट" मा परिणत भई "मरनघाट" बनेको हुनुपर्दछ। जस्तो कि हिमवत्खण्डमा "देवघट्ट" प्रचलित तीर्थको नाम छ। अब हामी सबैलाई 'देवघाट' राम्ररी थाहा छ। हाम्रो लोकपरम्परामा त्यसै गरी यो ठाउँ मरन्घाट, मरङघाट, मरेङ्घाट र अझ मर्याङ्घाट नाममा समेत रहेको पाइन्छ।

भू-बनोटको हिसाबले समय - समयमा यस ठाउँमा प्राकृतिक उलट-पुलट भइरहन्छ। आफ्नै परिवेशमा यहाँ मिसिन आउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त ३ नदीहरू बाढी आउँदा उग्ररूप लिन्छन् । हजारौं वर्षमा यस ठाउँले के-कस्ता परिवर्तन देख्यो-भोग्यो होला, अनुमान मात्र गर्न सकिन्छ । अर्को कुरा यो ठाउँ एकलासको खोंचमा अवस्थित छ । लास गाड्ने वा जलाउने ठाउँका रूपमा यसको प्रयोग हुनु त्यसैले स्वाभाविक पनि छ । तीन नदीको संगमको कारण अति प्राचीन कालदेखि नै पर्व-विशेषमा यस ठाउँमा स्नान-पूजा आदि पनि त्यत्तिकै उत्साहसाथ चलि-आएको छ । दुर्गापूजा (दसैं) मा यहाँ नवरात्रिको यात्राक्रममा श्रद्धालुहरू बाजा-गाजासहित आउँछन्, स्नान-पूजा गर्दछन् । खास गरी कार्तिकशुक्ल पूर्णिमाका दिन त्रिवेणीमा भव्य मेला लाग्दछ । यो ज्यादै पुरानो परम्परा हो । यस क्षेत्रका निमित्त त यो निकै ठूलो धार्मिक पर्वकै दिन हो ।

उल्लेख गरिसकियो यस ठाउँमा प्राकृतिक परिवर्तन प्रायः भइ नै रहन्छ । स्थानीय श्रद्धालु बूढा-पाकाहरूबाट त्यसको सुधार-संभार पनि यथावसर भई नै रहेको छ । वृद्धबचन यस कुराको प्रमाण हो ।

सो बाहेक २०१४ सालदेखि यस पौराणिक-धार्मिक महत्वको थलो बारे जानकारी गरी "त्रिवेणी धर्म संघ" नामको एक धार्मिक संस्था खुलेको र यसैको सत्प्रयासले सो ठाउँको यथेष्ट सुधार-संभार र नयाँ निर्माणहरू भइरहेका छन् । यस सम्बन्धी विवरण त्रिवेणी धर्म संघका वर्तमान अध्यक्षको मन्तव्यमा यसै पुस्तकमा समावेश गरिएको छ ।

नेपाल, नेपाली र पशुपतिनाथ

हामी नेपाली एउटै स्वरमा हाम्रो हुलिया Identification दिनुपर्‍यो भने भन्छौं: "हाम्रो देशमा पशुपतिको मन्दिर छ ।" यो हाम्रो कला, संस्कृति र धर्म संबन्धी सटीक परिचय हो । शिवक्षेत्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा सम्मानित हिमवत्खण्डको हृदयको रूपमा विराजमान हिन्दू अधिराज्य नेपालका आराध्य राष्ट्रदेव भगवान पशुपतिनाथ हुन् । हामी त्यस देशका बासिन्दा हौं । यस अर्थमा हामीलाई गौरव छ ।

उनै राष्ट्रदेवले पर्वतराज हिमालयलाई बहुत ठूलो निगाह गरी "समस्त तीर्थको स्रोत" हुने वरदान दिनुभएको कुरा स्कन्दपुराणमा उल्लेख छ । "**हिमालयो नाम नगाधिराजः**" भनेर महाकवि कालिदासले पनि भनेका छन् ।

[1]आर्यावर्तका अयोध्या, मथुरा, हरिद्वार, काशी, काञ्ची, अवन्ती र द्वारवती यी ७ पुरी मोक्षदायिनी हुन् र उत्तम पुरी मानिन्छन् । तीं सबैभन्दा उत्तम र पवित्र पुरी भगवान् पशुपतिनाथको देश पशुपतिपुरी (नेपाल) हो ।

स्कन्दपुराण र हिमवत्खण्ड

स्कन्दपुराण १८ पुराणमध्ये एक हो । यसको श्लोकसंख्या ८१ हजार बताइन्छ। यसमा माहेश्वर, वैष्णव, ब्राह्म, काशी, अवन्ती, नागर र प्रभास गरी जम्मा ७ खण्ड रहेको कुरा इतिहासकारहरू गर्दछन् । यही सप्तखण्डात्मक महाग्रन्थ 'महापुराण' हो । ६ संहिता भएको अर्को पनि स्कन्दपुराण छ र यसमा पनि ८१ हजार श्लोक छन् । यो चाहि केवल 'पुराण' हो । उनीहरूका अनुसार महापुराण, पुराण, उपपुराण र औपपुराण पनि छन् । तिनका अनेक प्रकारका विभागहरू र

---

[1]अयोध्या मथुरा माया काशी काञ्ची ह्यवन्तिका ।
पुरी द्वारवती सप्त गरिष्ठा मोक्षदायिकाः ।।
तासां चैव गरिष्ठा स्यात् पुण्या पाशुपती पुरी ।।।
(हि० ख० अ० ७२ श्लोकः ५९, ६०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपविभाग र लघुविभाग जस्तै- श्रीमद्भागवतमहापुराणमा स्कन्ध विभाग र उपविभागमा अध्यायहरू छन् । स्कन्द महापुराणका पनि खण्ड, खण्डान्तर खण्ड आदि विभाग, उपविभाग हुन् भने अध्यायहरू लघुविभागमा पर्दछन् । खण्ड, खण्डान्तर खण्ड आदिले समृद्ध विस्तृत ग्रन्थ स्कन्दपुराणका केदारखण्ड, जालन्धर खण्ड, कश्मीर खण्ड, अम्बिका खण्ड, भक्तविलासखण्ड, रेवाखण्ड, मेरुखण्ड, ब्रह्मोत्तर खण्ड आदि अनेक अवान्तर खण्डहरू भएका प्रसङ्ग पुराणको इतिहासमा भेटिन्छन् । त्यस्तै एउटा खण्ड हिमवत्खण्ड पनि हो । यस अन्तर्गत नेपालमाहात्म्य पाइन्छ । यहाँ हाम्रा डाँडा–पाखाको वर्णन छ । नद–नदी र अनेकौं शिवलिंग एवं गुफा र कुण्डहरूको वर्णन छ । अथवा भनौं यहाँ हामी नेपाली वर्णित छौं; हाम्रा पुर्खाका निशानीहरू वर्णित छन् । छन् यहाँ हाम्रा प्राचीन पुर्खा क्रान्तदर्शी ऋषिहरूको गम्भीर चिन्तन र मननहरू । अतः यी हाम्रा प्राचीन पुर्खाका धरोहर अक्षय ज्ञानभण्डार पुराणहरू हामीहरूका गौरवगाथाहरू हुन् । यी अति प्राचीनकालदेखि वेदसम्मत रूपमा हाम्रो पथप्रदर्शन गर्दै आइरहेका छन् । तिनको हामीले केवल मूल्य बुझ्न सक्नुपर्दछ । यो संसार पार गर्ने हामी यिनको श्रवण गर्दछौं । ज्ञानगुठुरी बटुल्दै हिंड्छौं । अलिकति हेरौं न हाम्रो हिमवत्खण्ड यस बारे के भन्छ ?

[1]अनेकौं लालसा बोके बनमै पनि दुःख छ
पाँचै इन्द्रिय खिच्नेका घरमै तप खुल्दछ ।
सुकर्मतिर जो आफ्नो मन एकत्र गर्दछ
तपोवन घरै हुन्छ, लालसा छोड्नु पर्दछ ।

---

[1] बनेऽपि दोषाः प्रभवन्ति रागिणां
गृहे ऽ पि पञ्चेन्द्रियनिग्रहस्तपः
अकुत्सिते कर्मणि यः प्रवर्तते
निवृत्तरागस्य गृहं तपोवनम् ।
(हि० खं० अ० १५६ श्लोक ७५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमवत्खण्ड र नेपालमाहात्म्य

त्रिवेणी–माहात्म्य लेख्ने क्रममा दुई वटा नेपाल माहात्म्य प्राप्त भए। तीं दुवैं स्कन्दपुराण अन्तर्गत देखिन्छन्। तीं मध्ये एउटा ३० अध्यायको छ र अर्को हिमवत्खण्डअन्तर्गत भेटिन्छ र यसको अध्याय संख्या १८५ छ।

३० अध्यायवाला नेपालमाहात्म्यको छोटकरीमा विषयवस्तु यस प्रकार छः–

राजा जन्मेजयको यज्ञसमाप्ति पछि त्यहाँ जम्मा भएका ऋषिहरूका बीच पुराणप्रसङ्ग चल्छ। मुनि जैमिनि प्रश्न गर्छन् र महामुनि मार्कण्डेय नेपालको महिमा बताउँछन्।

यस ग्रन्थमा भगवान् पशुपतिनाथको उत्पत्ति, ऋषि अगस्त्य, चन्द्रमा, कुम्भेश्वर, भगवान् श्रीकृष्णको प्रसंगलगायत रोचक तीर्थ-वर्णनसहित रमाइला कथाहरू छन्। पैशाची प्राकृतका सुप्रसिद्ध लेखक गुणाढ्यको कथाप्रसंगका साथ यसको समाप्ति हुन्छ।

यसका ने–मुनि नेमि–मुनि हुन् जसलाई श्रीपशुपतिनाथले नेपालको पालक हुने वरदान दिनुभएको थियो। यस नेपालमाहात्म्यको श्लोक संख्या १,९२६ छ।

अर्को नेपालमाहात्म्य स्कन्दपुराणको मेरुखण्डानन्तरको खण्ड हिमवत्खण्ड भित्र देखिन्छ। पुराणश्रवणको आनन्द लिइरहेका ऋषिहरू स्कन्दपुराणको मेरुखण्ड सुनिसके पछि पर्वतराज हिमालयको वर्णन भएको हिमवत्खण्ड सुन्ने प्रस्ताव गर्छन्। यही प्रस्ताव ऋषि अगस्त्य स्कन्दकुमारसामु राख्तछन्। हिमवत्खण्ड आरम्भ हुन्छ। मुख्य विषय-वस्तु यस प्रकार छः–

मार्कण्डेय पुराणमा जस्तै मधुकैटभ दैत्यलाई विष्णुले मारेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्टि शुरु हुन्छ र पर्वतहरूको पनि सृष्टि हुन्छ । ६६ अध्यायमा भगवान् शिवबाट हिमालय "पर्वतराज" को वरदान प्राप्त गर्दछन् । यसरी हिमवत्खण्डको कथा अगि बढ्छ । नेपालका अनेक कुण्ड, लिंग, नदी, तीर्थ र तीर्सेंग सम्बन्धित उपाख्यान, माहात्म्य वर्णन हुन्छ । विरूपाक्षतीर्थयात्रा वर्णन, भगवान् श्रीकृष्णको नेपाल-आगमन वर्णन आदि निकै रमाइला प्रसंग यहाँ आउँछन् ।

तीं मध्ये एउटा मुख्य प्रसंग हो विरूपाक्ष । पापी विरूपाक्षलाई पापमुक्त पारे पछि ने-मुनि साँखुको मनिचुर पर्वतमा बज्रयोगिनी देवीको[1] सेवा गरेर बस्तछन् ।

सिद्ध ऋषि ने-मुनिको कृपाले नेपालका महत्त्वपूर्ण तीर्थहरू घुमी सकेपछि रोग निको भएर स्वस्थ भएका[2] विरूपाक्ष भगवान् पशुपतिनाथको सेवा गर्दै पशुपतिक्षेत्रमा नै रहन थाल्छन् । एउटा प्रसंग यसरी सकिन्छ ।

अर्को मुख्य प्रसंग छोटकरीमा यस्तो छ :-

ने-मुनिलाई नेपालको पालन गर्ने वरदान प्राप्त हुँदा एक दिन यो वाग्मतीले पुरिनेछ र पोखरी हुनेछ भन्ने योगिनी देवीको भविष्य-वाणी थियो ।

यहीं उपक्रममा वाणासुरका भाइ वज्रनाभ (महेन्द्रदमन), विराध र शंखासुरको (आफ्नी बहिनी प्रभावतीको जलक्रीडा गर्ने इच्छा पूर्ण गर्ने) दानवी चेष्टाको रोचक वर्णन हुन्छ । हाम्रो वाग्मती

---

[1] सिद्धर्षिर्नेमुनिश्रेष्ठो मणिचूडाचले ऽ यतः
अन्यैः सिद्धैः समं तस्थौ वज्रां देवीं प्रसेवयन् ।।
(हि० ख० १६१ श्लो. ६०)

[2] तस्थौ तत्र विरूपाक्षः पशुपतेः समद्यतः
शिवक्षेत्रे मुदा भक्त्या पशुपतिं प्रसेवयन् ।।
(हि० ख० १६१ श्लो. ८८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थुनिन्छ । त्यही पोखरीमा खेल्दै दानवकुमारी प्रभावती श्रीकृष्णका छोरा प्रद्युम्नलाई मनमनै आफ्नो पति छान्छिन् । उता मृगेन्द्रगिरि (सिउपुरी) मा रहेका एक राजा सूर्यकेतुकी छोरी चन्द्रावती उनै प्रद्युम्नलाई दिने राजइच्छा थियो । भगवती उमालाई तपस्याद्वारा रिझाएर प्रभावतीले प्रद्युम्नलाई पति पाउने वरदान पनि लिइसकेकी थिइन् । महेन्द्रदमनको इच्छा चन्द्रावतीसँग पाणिग्रहण (सम्बन्ध) गर्ने थियो जुन राजा सूर्यकेतुलाई जनाउ दिइसकेको थियो ।

यसरी त्रिकोणात्मक समस्याको एउटै समाधान तीर्थयात्रा हिंडेका प्रद्युम्न र श्रीकृष्णबाट हुन्छ । लडाइँ चल्छ; दानवहरू मारिन्छन् । प्रद्युम्न रहस्यमय ढंगले प्रभावतीसँग विवाह गर्छन् । चन्द्रावतीलाई पनि सोही सुअवसर मिल्छ र थुनिएको वाग्मती खुल्छ । हिमवत्खण्डको अर्को प्रसंग पनि यसरी टुंगिन्छ । यसमा जम्मा १८५ अध्याय र श्लोकसंख्या १२ हजार ५ सय १२ छ ।

यही विस्तृत ग्रन्थ हिमवत्खण्डमा विरूपाक्ष तीर्थयात्रा प्रसंग ८६ औं अध्यायदेखि शुरू हुन्छ र १४० औं अध्यायमा विरूपाक्ष चन्दनभराटेश्वर आइपुग्दछन् । यहीं नेर त्रिवेणी–माहात्म्य भेटिन्छ । यति कुरा ध्यानमा राखेर माहात्म्य पढ्नु उपयोगी हुन्छ ।

त्रिवेणी धर्मसंघको अनुरोध स्वीकार गरी मैले त्रिवेणी माहात्म्य लेख्ने जिम्मेवारी लिएको हुँ । जति सजिलै भावनामा आएर मैले सो मञ्जुरी दिएथें सोही अनुरूप कार्यसम्पादन गर्न सरल भएन । तैपनि यथामति प्रयास जारी राखें । भगवान् पशुपतिनाथको बृहती अनुकम्पाले कृति तयार भयो ।

त्रिवेणी धर्मसंघका वर्तमान अध्यक्ष श्रीइन्द्रबहादुर कार्की लगायत सबै स्नेही साथीहरूको सत्प्रयासको यो सुपरिणाम हो भन्ने मलाई लागेको छ । "गच्छतः स्खलनं क्वापि" हिंड्दा ठेस लाग्दछ" भने झैं मेरा त्रुटिहरू होलान् । तिनलाई चाहिं म स्वीकार गरूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जे–जस्तो रूपमा भए पनि जागिरे जीवनको बचेको क्षणलाई यस्तो सत्कार्यमा लगाउन पाउँना खुसी मानेको छु । "त्रिवेणी माहात्म्य" यहाँहरूको हातसम्म पुऱ्याउने श्रेय त्रिवेणी धर्मसंघलाई नै छ ।

प्रस्तावना केही लामो देखिन सक्छ । यसमा कारण छ; जुन पाठकहरू स्वय अनुभव गर्नुहुनेछ । यस किसिमको अर्को पुस्तक नहुनु पनि प्रस्तावना लमिनुमा कारण हो कि ?

यस पुस्तकको प्रकाशनमा सहयोग गर्ने सबैप्रति लेखक र प्रकाशक दुवै समान रूपमा कृतज्ञ छन्; ऋणी छन् । सबैमा धन्यवाद निवेदन छ । शिवसंकल्पमस्तु ।

वि. सं. २०५०
(कार्तिक शुक्ल पूर्णिमा)

विनीत– लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्दनभराटेश्वरक्षेत्र

उत्तमोत्तम क्षेत्र

विकटेशान्महल्लिङ्गात्पूर्वदेशाद्धि वारुणम्
आचन्दनभराटान्तं ज्ञेयं क्षेत्रोत्तमोत्तमम् ।।
(हि० ख० अ० ७१ श्लो० ३)

अर्थ– पूर्व विकटेश्वर महालिङ्ग– (सांगा) देखि पश्चिम चन्दनभराटेश्वर महालिंग (महादेवस्थान गाउँ) सम्मको क्षेत्र अत्यन्त उत्तम क्षेत्र (ठाउँ) हो ।

पशुपति क्षेत्रको माहात्म्यको प्रसंगमा यो कुरा पुराणमा भनिएको छ ।

–ले०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

श्रीपरमात्मने नमः

त्रिवेणी माहात्म्य

(पौराणिक सन्दर्भसहित)

विषयप्रवेश :–

ऋषि अगस्त्य र स्कन्दकुमारका बीच संवाद भइरहेको छ । अगस्त्यको प्रत्येक जिज्ञासाको समाधान स्कन्दकुमार दिइरहेका छन् ।

अगस्त्य उवाच

हिमवान् प्रयतः स्कन्द सर्वश्रृंगं तपोमयम् ।
कस्मात्तेन प्रलब्धं शं सर्वं तपोमयं तनुम् ।।

(हि० ख० अ० ६९ श्लो०३, ४) –

अगस्त्य भन्दछन्– हिमाल पवित्र छ; यसका सबै चुचुराहरू तपोभूमि छन् । यस्तो कल्याणकारी तपोमय शरीर त्या हिमालले कसबाट पायो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि अगस्त्यले राखेको यस जिज्ञासाका साथ नेपाल-माहात्म्यको शुरू हुन्छ । स्कन्द बताउँछन्–

हिमालयले भगवान् पशुपतिनाथको ठूलो तपस्या गरे । पत्नी मेनकाका साथ उहाँको पूजा गरे । प्रभु प्रसन्न हुनुभयो । उहाँले यस्तो वर प्रदान गर्नुभयो–

यावन्ति तव शृंगाणि सन्ति भक्त हि सन्ततम् ।
तावन्ति च पवित्राणि भवन्तु मत्प्रसादतः ।।

(६६-२७)

हे मेरा भक्त हिमालय ! तिम्रा यी फैलिएका जति पनि डाँडाँहरू छन् मेरा अनुग्रहले ती जम्मै पवित्र बनून् ।

अनि ती तिम्रा डाँडा–डाँडाबाट निस्किएका जम्मै नद–नदीहरू तीर्थ बनून् ।

यस्तै गुह्येश्वरी पूजा गर्दा एक दिन मेनाले "तीन आँखा भएकी, तेजले धपक्क बलेको, सबै देवताले नमस्कार गरिएकी, झरिझुट्ट गहना लगाएकी गौरीको सुन्दर रूपको दर्शन पाइन् ।

सुन्दरीं सर्वदा गौरीं सर्वतेजोमयीं तनुम् ।
त्रिनेत्रां सुरवन्द्यां तां सर्वाभरणभूषिताम् ।।

(६६-३६)

मेनकाका मनमा ती भगवतीको दर्शनको प्रभावले "यस्तै छोरी पाउन पाए नि हुने" भन्ने लाग्यो । यसैको परिणाम पर्वतराज हिमालयकी धर्मपत्नी मेनाबाट छोरीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा भगवती प्रकट हुनुभयो । पर्वतकी पुत्री भएकीले उहाँको नाम पार्वती भयो । हिमालय र मेना (मेनका) धन्य भए । उनै पार्वती गौरी, गुह्येश्वरी' वत्सला, उमा र योगिनी सबै हुन् । हिमवत्खण्डमा यी नामहरू ठाउँ-ठाउँमा आउँछन् । महिमा छुट्टाछुट्टै छन् ।

नेपाल—

भक्तवत्सल भगवान् पशुपतिनाथका भक्तवर हिमालयको काखमा अवस्थित यस देशको नाम 'नेपाल' कसरी भयो; यसको के महिमा छ ?

ऋषि अगस्त्यको यस प्रश्नको उत्तरमा स्कन्द कुमार भन्दछन्—

> ' ने—नामार्यो मुनिश्रेष्ठ आसीत्पुरा महत्तपाः
> मरीचेस्तनयो धीमान् सर्वसत्वदयापरः ।।
> (६९-५१)

उहिले ऋषि मरीचिका छोरा महान् तपस्वी, ज्ञानी, सबै प्राणीमा दया गर्ने ने-नाम भएका एक आर्य श्रेष्ठ मुनि थिए । उनले देवी योगिनीको ठूलो तप गरे । देवी योगिनीबाट उनलाई यस्तो वरदान मिल्यो—

---

१ "ने" नाम न्, आ, ई यति ३ अक्षरबाट बनेको छ । न = नरोत्तम विष्णु, आ = ब्रम्हा र ई = ईशान महेश्वर यति ३ तत्त्वको एउटै रूप ने-मुनि हुन् । यस्तो विद्वान्हरू भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्वं च पालय हे वत्स इदं स्थानं निरन्तरम्
वरं पशुपतेः क्षेत्रं धर्मेण धर्म्म रक्षितुम् ।।
ततो लोका वदिश्यन्ति ते ऽभिधानेन सन्ततम्
त्रैलोक्यानां गरिष्ठो ऽयं नेपाल इति सर्वतः ।।
(६९-५८,५९)

हे बाबु, ने-मुनि! भगवान् पशुपतिनाथको क्षेत्र यस ठाउँलाई धर्मको रक्षाका निमित्त तिमीले धर्मपूर्वक सधैं रक्षा गर । त्यसपछि तिमीले रक्षा (पालन) गरेको हुनाले तीनै लोकमा श्रेष्ठ ठानिएको यस देशलाई तिम्रो नाउँमा सदा सबैले 'नेपाल' भन्नेछन् ।

यस्तो नेपालको सर्वश्रेष्ठता बारे स्कन्दपुराण हिमवत्खण्डको मन्तव्य यस प्रकार भेटिन्छः-

द्वीपानां चैव सप्तानां जम्बूद्वीपो गरीयसः
तस्मिंश्चैव गरिष्ठं च वाराणसीस्थलं महत् ।।
तस्माच्चतुर्गुणं ज्ञेयं श्रेष्ठं क्षेत्रं च कामदम्
भुक्ति-मुक्ति-प्रदं साक्षात् पशुपतिस्थलं महत् ।।
(६९-६०,३१)

सबै द्वीपहरूमध्ये श्रेष्ठ जम्बूद्वीप हो । त्यसमा वाराणसी (काशी) झन् श्रेष्ठ छ । त्यसभन्दा पनि चार गुणा बढी श्रेष्ठ, सम्पूर्ण कामनाको सिद्धि दिने, भोग र मुक्ति प्रदान गर्ने यो नेपाल साक्षात् भगवान् पशुपतिनाथको क्षेत्र हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार ने–मुनिले पालन गरेकाले हाम्रो देशको नाम नेपाल भएको हो । हिमवत्खण्ड नेपालमाहात्म्य 'सानो' मा यी मुनिको नाम नेमि भनिएको छ । यस अनुसार "नेमिना मुनिना पालितो देशः" "नेमिपाल" भन्ने अर्थ विद्वान्हरूले गरेको पाइन्छ । यसरी नेमि–मुनिले पालेको "नेमिपाल" अपभ्रंश भई नेपाल भएको हो । यस देशको नाम यसभन्दा पहिले के थियो होला? भन्ने प्रश्नका उत्तरमा विद्वान्हरू ने, अथवा नेमि अति प्राचीन समयमा तत्कालीन कुनै सम्राट्का मन्त्री थिए महाभारत कालमा निकै लामो समयसम्म उनी रहेका थिए । त्यति बेला यस ठाउँको दुई नाम "कुरुजांगल" र "श्लेष्मान्तक वन" थियो । तिनै ने-नामका असल मन्त्री वा मुनिको मृत्यु पछि यस देशको नाम 'नेपाल' भएको हो । उनैको संझनामा 'नेपाल' भनिएको हो । यस्तो भनाइ पनि भेटिन्छ, अस्तु ।

विरूपाक्ष–

नेपालमाहात्म्यमा विरूपाक्षको प्रसंग ८८ अध्यायदेखि देखा पर्दछ । उहिलेको नेपालको कुनै एक शूद्र कुष्ठरोगले ग्रस्त थियो । घाउको दुखाइले गर्दा ऊ विधिपूर्वक स्नानादि गर्न सक्दैनथ्यो । थरथर काम्दै ब्रम्हपदी नामको कुनै नदीमा मुख र हात–गोडा धुन्थ्यो अनि त्यही नदीको पानी खाने गर्दथ्यो । यदाकदा उसका मनमा "बाहुन हुँ पाएको भए पनि हुन्थ्यो" भन्ने भावना आउँथ्यो । ऊ सोही ब्रम्हपदी नदी-को पानी खान्थ्यो । यस्तो भावना गर्दथ्यो ।

2986

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कश्चित् कालान्तरे शूद्रः पञ्चत्वं प्राप्तवान् पुनः
अन्तर्वेद्यां समुद्भूतः श्रोत्रियस्य कुले द्विजः ।।
द्विजाधमोऽभवत्सोऽपी पि पूर्वजन्मविपाकतः
असंकल्पकृतस्नानात् विरूपाक्षोऽभिधानकः ।।
(८८।१००-१०१)

केही कालपछि त्यो शूद्र मऱ्यो । अन्तर्वेदी नामको शहरमा वेदपाठी ब्राह्मणका कुलमा त्यो बाहुन भएर जन्मियो । असंकल्प स्नान र पूर्वजन्मको पापको कारण बाहुन भए पनि त्यो विरूपाक्ष नामको अधम ब्राह्मणका रूपमा रह्यो । ऊ मांसभोजी, सुरा र सुन्दरीमा लम्पट एवं मातृसंसर्ग जस्तो घोर पाप गर्ने अवैदिक आचरणको बाहुन थियो । उसको दुष्टकर्मले गर्दा उसलाई कुष्ठ रोग भयो । भौंतारिंदै हिंडेको त्यस पापीले कोशीकिनारमा उनै सिद्धर्षि ने-मुनिको दर्शन पायो । काँधमा जनै भिरेको, मलिन अनुहारको त्यस कोरी बाहुनलाई देखेर उसको त्यस्तो अवस्था बारे दयालु ने-मुनिले प्रश्न गरे । विरूपाक्ष बोल्यो-

विरूपाक्ष उवाच

तात मुने हि पापात्मा विरूपाक्षोऽभिधानकः
धर्मशर्मसुतोऽहं च धर्मकर्मविवर्जितः ।।
(हि० ख० ८६-२३)

मुनि बा ! विरूपाक्ष नाम गरेको म एक पापी हुँ । धर्मशर्मा भन्ने ब्राह्मणको छोरो हुँ तर म धर्मकर्मविवर्जित छु । पापी छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदाध्यायी ब्राह्मणको कुलमा जन्मेर पनि म भ्रष्टाचारी छु । हे मुनि! मेरा दुष्कर्मले मलाई ठूलो पापी बनाएको छ । म कुष्ठरोगको पीडाले विह्वल भएको छ । यो पृथ्वी घुम्दा-घुम्दै दैवले मलाई यस ठाउँमा ल्याई पुऱ्याको ।

कस्माच्च मुच्यये पापैरहं तात सुदुःसहैः
सुनिर्मलः कथं कायो मे भविष्यति तद्वद ।

(८९-२६)

हे पिता ! अब म यो सब सहनै नसकिने पापबाट कसरी मुक्त हुँला ? अनि यो (कोरले कचमच्च पाकेको) मेरो शरीर कसरी सफा भएर निको होला ? त्यो मलाई बताइ-दिनुहोस् ।

त्यस पछि नेपालका पालक ने-मुनिले त्यस पापीलाई अनेक उपदेश दिदै यहाँका धेरै तीर्थस्थलहरूको परिक्रमा गराए । ठाउँ-ठाउँका तीर्थ, नदी, दोभान, त्रिवेणी, संगम आदिको माहात्म्य बताए । ठाउँ-ठाउँका प्रसिद्ध शिवलिंग र अन्य देव-देवीको दर्शन गराए । विरूपाक्ष क्रमैले निको हुँदै गए । उनको जिउ सफा हुँदै गयो । अनि उनलाई "द्विज" "सिद्ध" भनिन लाग्यो । यसलाई पुराणमा "विरूपाक्षतीर्थ-यात्रा" नामकरण गरेको छ ।

यही तीर्थयात्राको क्रममा विरूपाक्ष सिद्धऋषि ने-मुनिका साथ मीनतीर्थ (मच्छेनारायण) र मातातीर्थ हुँदै चन्दन-भराटेश्वर आएको वर्णन पुराणमा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीचन्दनभराटेश्वर–

तत्र स्नात्वा सचाष्टम्यां मातृतीर्थे घटोद्भव
अगमत्स द्विजः सिद्धः सस्नौ तत्र यथासुखम्।।
(१३९–३)

ऋषि अगस्त्य! मीनतीर्थ मच्छेनारायणमा स्नान गरे पछि ती सिद्ध वाहुन विरूपाक्ष (चैत्रकृष्ण) अष्टमीका दिन मातातीर्थ गए र खुसीसाथ स्नान गरे ।

अनि मच्छेनारायण र मातातीर्थको माहात्म्य सुनाएर ने-मुनि भन्दछन्–

भूयो गच्छ विरूपाक्ष वारुण्यां दिश्यतोऽधुना
भराटकेश्वरो यत्र भस्मगंगाजलं यतः ।।
(१३९–३०)

विरूपाक्ष! अब तिमी यताबाट पश्चिम लाग जहाँ भराटेश्वर रहनु भएको छ र भस्मगंगा पनि छन् ।

ठीक यही प्रसंगलाई जोड्दै अगस्त्य ऋषिसँग कुमार भन्दछन्–

स्कन्द उवाच

भूयोऽगमद्विरूपाक्षो मुनिना तेन वै सह
स चन्दनभराटेशो यत्रास्ते सगणो विभुः ।।
अतो वारुणदेशे च धनुषां द्विसहस्रके
चन्दनगिर्यधोभागे भस्मगंगोद्भवा यतः ।।
(१४०–१,२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जहाँ आफ्ना गणका साथ भगवान् चन्दनभराटेश्वर रहनुभएको छ; यहाँबाट २००० धनु (आठ हजार हात) पश्चिमपट्टि चन्दनगिरिको फेँदीबाट जहाँ भस्मगंगाको उत्पत्ति भएको छ ती विरूपाक्ष ने–मुनिका साथ त्यतै लागे ।

नवधारा–महातीर्थे भस्मगंगाह्वये पुनः
स चन्दनभराटेशं स्नात्वापूपुजदाद्रितः ।।
(१४०–३)

उनले नवधारा महातीर्थ र भस्मगंगामा नुहाए अनि चन्दनभराटेश्वरलाई बडो आदर साथ पूजा गरे ।

कृष्णाष्टम्यां महारात्रौ चैत्रिकस्य द्विजो मुनिम्
समभ्यर्च्य हि तल्लिङ्गं प्रपच्छ तत्प्रशंसनम् ।।
(१४०–४)

ती बाहुन विरूपाक्षले चैत्रकृष्ण अष्टमीको महारात्रिमा चन्दनभराटेश्वर शिवलिंगको राम्ररी पूजा गरेर ने–मुनिका साथ त्यस लिंगको माहात्म्य सोधे–

ने–मुनिरुवाच

शृणु विप्र प्रवक्ष्यामि चैतल्लिङ्गप्रशंसनम्
यथोद्भूतं पुरा लिङ्गं भूत्वा चैकाग्रमानसः ।।
(१४०–६)

हे विप्र! उहिले यो लिंग कसरी उत्पन्न भयो ? यस लिंगको महिमा के हो ? म त्यो तिमीलाई बताउँछु । एकाग्र-चित्त भएर सुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सह देव्या विमानेन पुरेश्वर इहागमत्
एतत्क्षेत्रं परिभ्रम्य क्रीडयन् कानने गिरौ ।।
संक्रीड्यात्र स चित्राद्रौ पुष्पफल-समाकुले
अदर्शयद्धि रुद्रोऽसौ एतल्लिङ्गं च पार्वतीम् ।।
(१४०-७,८)

उहिले देवी पार्वतीका साथ भगवान् शिव विमानद्वारा यस ठाउँमा आउनु भएको थियो । डाँडा-पाखातिर डुलफिर गर्दै लटरम्म फल-फूलले झुलेको यस रमाइलो डाँडामा पार्वतीका साथ क्रीडा गरी उनै रुद्रले यस शिवलिंगको दर्शन दिनु भएको हो । ब्रह्मा, विष्णु र इन्द्रहरूले समेत इच्छासिद्धि गरेको यस लिंगको महिमा पार्वतीलाई बताएर शिव अन्तर्ध्यान हुनुभयो । विमानबाट ओलिएर स्वयं पार्वती यहाँ एक हजार वर्ष रहनुभएको थियो । यहाँ रहुन्जेल उहाँले नवधाराको मैदान [1] मा बसी चन्दन घोटेर शिवलिंगमा लेपन गरी नित्य भक्तिपूर्वक पूजा गर्नु भयो । त्यसैले-

तस्मांल्लोकैश्च विख्यातश्चन्दनभराटेश्वरः
चन्दनघर्षणाच्चैवं चन्दनाद्रिरितिश्रुतः । (१४०-१३

लोकले यस शिवलिंगलाई "चन्दनभराटेश्वर" भनी प्रख्यात गरायो भने चन्दन घोटेको ठाउँ भएकाले यस डाँडाको नाम "चन्दनगिरि" रहेको हो ।

---

[1] नवधारोद्भवे सानौ संघर्ष्य चन्दनं शिवा
एतल्लिङ्गं विलेप्यार्या भक्त्यार्चतिस्म नित्यशः ।।
(हि० ख० अ० १४०-१२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतः चन्दनभराटेश्वर शिवलिंग र यहाँबाट पश्चिम चन्दनगिरि-(चन्द्रागिरि) को फेदीबाट प्रवाहित भस्मगंगाको अत्यन्त महत्त्वपूर्ण धार्मिक सम्बन्ध रहेको प्रमाणित हुन्छ। स्वयं माता पार्वतीले चन्दन घोटेको ठाउँ हुनाले, विरूपाक्षले स्नान गरेको हुनाले र सोही ठाउँमा ब्रह्मानन्द ब्राह्मण पनि पुगेको हुनाले भस्मतीर्थ भस्मगंगा (मान्खु खोलो) पौराणिक दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण लाग्दछ। वर्तमानमा यो हाम्रो त्रिवेणीमा गएर मिसिन पुगेको छ जसको परिणाम "लिंगतीर्थ" बन्न पुगेको छ।

लिङ्गतीर्थ त्रिवेणी

स्वर्णधारा नदी पुण्या शक्रदीप्तिस्तथा वरा
भस्माख्या संगमे तासां लिङ्गतीर्थमुदाहृतम् ।।
(हि० ख० अ० १४० श्लो० ४१)

श्रीचन्दनभराटेश्वर शिवलिंग रहेको ठाउँलाई महादेव गाउँ भनिन्छ। यो मूल रूपमा नेवारहरूको सानो बस्ती भएको गाउँ हो। यही महादेव स्थानलाई केन्द्रविन्दु मानेर यस क्षेत्रको गाउँ विकास समितिको नाम पनि 'महादेवस्थान गाउँ विकास समिति' रहेको छ।

यही सानो गाउँबाट सीधा उत्तरमा पर्ने वाणस्थली (बाँठेली) मुनि त्रिवेणी पर्दछ। यस ठाउँलाई स्वयं चन्दनभराटेश्वरले ज्योति रूपमा आकाशवाणी गर्नुभई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मेरो तीर्थ" भन्नुभएको छ । सोही तीर्थको नाम लिंगतीर्थ हो । त्यो ३ पवित्र नदीको संगममा छ भन्ने पुराणको निर्देश छ । त्यस्तो संगम हाम्रो त्रिवेणी नै हुन सक्तछ । त्रिवेणी अर्थात् लिंगतीर्थको पुराणमा यस्तो माहात्म्य छ :–

आसीत्पुरा द्विजः कश्चित् ब्रह्मानन्द इतिश्रुतः
सुप्रभायां नगर्यां च पुत्रवान् धनवान् यतिः ।।
(हि० ने० मा० अ० १४० श्लो. १५)

उहिले सुप्रभा नगरी-(थानकोट) मा ब्रह्मानन्द नाम भएका इन्द्रिय जितेका (संयमी), धनवान् र पुत्रवान् एक ब्राह्मण थिए ।

शिक्षाशीलः प्रगृह्णाति तीर्थेषु समसत्सु च ।
सदा पर्वसु दानानि उपजीवी तथापि च ।।१६।।

त्यसो भए पनि पढे–लेखेका ती बाहुन सबै सत्तीर्थमा सधैं पर्वपर्वमा दानादि लिने गर्दथे ।

सत्यशेषस्य कालान्ते ब्रह्मानन्दस्य चार्भकः
पञ्चत्वं प्राप्तवान् सद्य अकस्माद्विगदोऽपि सः ।१७।

सत्य युगको अन्त्यतिरको घटना हो– ती ब्रह्मानन्द बाहुनको छोरो कुनै रोगै नलागी अकस्मात् मऱ्यो ।

मृतं पुत्रं समादाय एकपुत्रो द्विजस्तदा
मूर्च्छायुक्तः पदेऽजस्रं लिंगान्तिकमिहाययौ ।१८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि एउटै मात्र छोरो भएका तौ बाहुन पाइलै पिच्छे मूर्छा पर्दै यहाँ शिवलिंगका अगिल्तिर आए ।

लिङ्गस्य पुरतो न्यस्य मृतं पुत्रं द्विजो भृशम्
विललाप मुहुश्चात्र मूर्च्छितो निपपात च ।१९।

मरेको छोरालाई शिवलिंगको सामु राखेर बाहुन अलाप-विलाप गरी रोए । पटक-पटक मूर्च्छा परेर ढले ।

लिंगमूर्ति श्री चन्दनभराटेश्वर शिवका सामु त्यो बाहुन अन्तरमनदेखि रुँदै यसो भन्न लागे :-

ब्रह्मानन्द उवाच

धिगस्तु ते रसे त्वं च स्थिरेति कथिता सदा
व्यत्यासत्वं हि सत्वानां यतस्त्वयि भवेदिह ।२१।

(सबै प्रकारका रसले युक्त भएकी हुनाले) रसा भनिएकी हे पृथ्वी! तिमीलाई सधैं रहिरहने (स्थिरा) भनिएको अब उल्टो भयो । किनभने तिमी हुँदै (तिम्रो काखमा) यस प्राणीको उल्टो किसिमले (सानै उमेरमा, बाबु हुँदाहुँदै छोराको) मृत्यु भयो । अतः तिमीलाई धिक्कार छ !

धिगस्तु जीवितं मेऽद्य व्यत्यासत्वेन वै न तु
एकात्मजो मृतो यस्माज्जीविते मयि चापि च ।२२

के यो उल्टो भएन त ? एउटै छोरो भएको म बाँचिरहेछु; मेरो आत्मज (पुत्र) मरेको छ । यस निमित्त मेरो जीवनलाई पनि धिक्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युग त्वामपि धिक्धिक् च सत्य इति विश्रुतः
ईदृशी मे दशा यस्मात् पुत्रवियोगकर्षिता ॥२३

पुत्रशोकले आज मलाई जुन यस्तो अवस्थामा पुऱ्यायो; हे 'सत्य' भनिएको युग ! तँलाई पनि बारम्बार धिक्कार छ ।

योजनाभ्यन्तरे क्षेत्रे मा कालो विश्यतामिति
पशुपतेश्च लिङ्गस्य ईश्वरेण प्रचोदितम् ॥२४
तदाज्ञायाश्च कालेह विपरीतमिदं यतः
धिग्धिगस्तु च ते काल मदृशा चेदृशी गता ॥२५

पशुपति क्षेत्रको एक योजन– (चारकोश) भित्र त कालको पनि यसै प्रवेश नहोस् भन्ने लिङ्गरूप ईश्वरको आज्ञा थियो । त्यस आज्ञाको पनि जऱ्यरी यस्तो उल्लंघन भयो; म जस्ताको यस्तो गति भयो भने हे काल! तँलाई पनि धिक्कार! धिक्कार !!

वर्तमाने महालिङ्गे एकदेशे स्थिते मयि
ममात्मजो मृतोऽप्याशु तदाज्ञा वितथा यतः ।२६

यसै महालिंग– (चन्दनभराटेश्वर) को एउटा कुनामा (नजिकको गाउँमा) बस्ने मेरै छोराको छिटै मृत्यु! के यो शिवाज्ञाको सत्यता हो ?

धिगस्तु ते च मे काल विपरीतमभूद्यतः
विना पुत्रेण चाद्याहं जीवितुं नोत्सहेऽधुना ॥२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको आज्ञा पनि यसरी झूठ हुन्छ भने हे मेरो काल! तँलाई पनि धिक्कार छ। अब विना पुत्र मैले पनि केलाई बाँच्ने ? (अब मर्छु)।

अद्य त्यक्ष्याम्यहं देहं पुत्रमरणकर्षितम्
एतल्लिङ्गेऽद्य सभ्ये च विपरीते स्वयंभुवि ॥२८

आफै उत्पन्न भएको, सबैले मानिआएको यस्तो शिवलिंग पनि आज यसरी विपरीत हुन्छ भने छोराको मरणतिर तानिएको यो ज्यान म आजै छाडिदिन्छु (अर्थात् मर्छु)।

यस प्रकार सबैलाई धिक्कार्दै छोराको मृत्युमा अत्यन्तै दुःखी भएको त्यस बाहुनको आत्महत्या गर्ने दृढता देखर भगवान् आशुतोष शिव ज्योतिरूपमा प्रकट हुनुभयो। आकाशवाणी भयो—

ईश्वर उवाच

मैवं त्वया च वक्तव्यं ममाग्रे द्विज साम्प्रतम्
देहं त्यक्तुमना भूत्वा पुत्रशोकाभिकर्षणात् ॥३०

पुत्रशोकको कारण आवेशमा देह नै त्याग्ने मन गरेर हे बाहुन! मेरा अगाडि अहिले तिमी यसो भन्न पाउँदैनौ।

त्वत्कृतेन हतः पुत्रस्तव विप्र नशंसयः
सोचसि त्वं कथं चाद्य प्रागेव च भविष्यतः ॥३१

हे विप्र! पछिको कुरालाई आजै यस्तो भनी नठान। तिम्रो छोराको मृत्यु तिमीले गरेर भएको हो। यसमा कुनै शंका छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

असत्प्रतिग्रहाद्विप्र तीर्थेस्वायतनेषु च
तथा विशिष्टकालेषु प्रतिग्रहः कृतो यतः ।।३२

हे बाहुन! अनेक तीर्थमा र अनेक यज्ञहरूमा असत्प्रतिग्रह (नलिनु पर्ने दान) लियौ; त्यसै गरी विशेष काल-(ग्रहण आदि) मा पनि प्रतिग्रह लियौ। हो, यही कारणले तिमीलाई पुत्रशोक परेको हो। (दान लिएपछि शास्त्र अनुसार दिनु पनि पथ्र्यो, सो दिएनौ)

तस्मात्तवात्मजो विप्र अकाले मृतवान् ध्रुवम्
उपायं शृणु मत्तस्त्वं जीविष्यति यतो ह्ययम्।।३५

त्यही कारण अकालमा तिम्रो छोरा मऱ्यो; यो साँचो हो। हे बाहुन! अब जसरी यो तिम्रो छोरो बाँच्तछ त्यो उपाय मसँग सुन –

अस्यां च भस्मगंगायां स्नापयसि सुतं स्वयम्
मत्तीर्थे च ततो गत्वा संजीविष्यति ते सुतः।।३६

यही भस्मगंगामा आफैं लगेर छोरालाई स्नान गराऊ र अनि मेरो तीर्थमा पनि लगेर स्नान गराइदेऊ तब तिम्रो छोरो व्यूँतिनेछ।

कार्तिकस्य च शुक्लायां नवम्यां च मुमोद सः
ईश्वरवाक्यमाकर्ण्य ऋतं तज्ज्ञातवानिति ।।३८
प्रणम्यैतन्महालिङ्गं स्वयं स्नात्वा ततोऽर्भकम्
स्नापयद्भस्मगंगायामस्यां भक्त्या द्विजः पुनः ।।
पूर्वजन्मकृतैः पापैरसत्प्रतिग्रहोद्भवैः ।
विमुक्तोऽसौ क्षणाद् विप्रस्तप्तहेम इवानलात् ।।४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कार्तिक शुक्ल नवमीका दिन शिववाणी सुनेपछि तौ ब्रह्मानन्द ब्राह्मण खुसी भए र शिववचनलाई सत्य ठाने। अनि श्रीचन्द्रनभराटेश्वर महालिंगलाई प्रणाम गरी आफू नुहाए र त्यस बालकलाई पनि भस्मगंगामा नुहाइदिए।

असत्प्रतिग्रह- (ग्रहणको दान आदि) ले उत्पन्न भएका र पूर्वजन्ममा गरेका यावत् पापबाट मुक्त भएका ती ब्राह्मण तुरुन्तै आगामा तताएको सुनझैं झल्झलाकार देखिए।

स्वर्णधारा नदी पुण्या शक्रदीप्तिस्तथा वरा
भस्माख्या संगमे तासां लिंगतीर्थमुदाहृतम् ।।४१

पवित्र नदी स्वर्णधारा (गयानदी); त्यस्तै शक्रदीप्ति (इन्द्रावती) र श्रेष्ठ नदी भस्मगंगा (मान्खु खोला) यी तीन नदीको संगममा लिंगतीर्थ रहेको छ।

आदायाशु मृतं पुत्रं विप्रोऽसौ ह्यगमत्पुनः
नवधारा महातीर्थे सस्नौ ह्यस्मादधः पुनः ।।
सोऽस्नापयत् मृतं पुत्रं संकल्प्य विधिवद्द्विजः
अजीजिवत्तदा तीर्थे सुप्तोत्थित इवासनात् ।।४३

ब्राह्मण छिटै (भस्मगंगा पछि) मरेको छोरालाई लिएर नवधारा गए र त्यहाँ नुहाए पछि पुनः त्यसभन्दा तल (लिंगतीर्थमा) त्यस मृत पुत्रलाई संकल्प समेत विधिपूर्वक नुहाइदिए।

त्यसै बेला लिंगतीर्थमा त्यो बालक सुतेको ठाउँबाट उठे झैं गरी बाँचेर उठ्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रुरोद बालकस्तीव्रं स्तनार्थी तत्करोद्धृते
प्रेक्ष्यात्मजं तदा विप्रो मुमोद च भृशं मुहुः ।।४४

बाबुले हातमा उठाउनासाथ दूध खोज्दै बालक बडो जोड्ले रुन थाल्यो अनि छोरालाई बाँचेको देखेर बाहुन खूब खुसी भए ।

आदायाशु सुतं विप्रो हर्षविस्फुल्लमानसः
प्रणनाम मुहुर्भक्त्या एतल्लिंगं स्तुवन् मुदा ।।४५

हर्षले गद्गद् भएका ती बाहुनले छोरो काखमा लिएर झटपट आई श्रीचन्दनभराटेश्वर लिंगलाई खुसी हुँदै स्तुति गरे र भक्तिपूर्वक पटक पटक प्रणाम गरे ।

यस्ता आशुतोष (छिट्टै प्रसन्न हुने) भगवान् श्रीचन्दनभराटेश्वरको कृपाले धन्य धन्य भएका ती ब्राह्मण–

ततः प्रभृति विप्रोऽसौ पुनर्जन्माभिधानकः
ततः क्वचिच्च कालान्ते एतल्लिङ्गमसेवयत् ।।४६

त्यस पछि "पुनर्जन्मा" भन्ने नामले चिनिन थाले । अनि उनी धेरै कालसम्म यस शिवलिंगको सेवा गर्दै रहे ।

कालक्रममा तिनको मृत्यु भयो । ठूलो उत्सव साथ शिवगणले उनलाई शिवलोक पुऱ्याए ।

अद्यापि सोऽभवद्विप्रो रुद्रस्यानुचरो वरः
एतल्लिङ्गप्रसादाद्वै तत्तीर्थस्नानतः पुनः ।।४८

यही श्रीचन्दनभराटेश्वर शिवलिंगको सेवा र सो लिंगतीर्थ (त्रिवेणी) स्नानको प्रभावले गर्दा अद्यापि ती ब्रह्मा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नन्द (पुनर्जन्मा) ब्राह्मण भगवान् शिवका श्रेष्ठ सेवकमध्ये एक मानिन्छन् ।

तदादि सेवितं लिङ्गं नित्यमेव सुभक्तितः
वाणासुरादिभिर्दैत्यैः प्रोत्तुङ्गवरकांक्षिभिः ।।४९

त्यस पछि उच्चस्तरीय वरदान माग्ने वाणासुर आदि दैत्यहरूले पनि बहुत भक्तिभावले यस शिवलिंगको नित्य सेवा गरे ।

एतल्लिङ्गप्रसादात्ते चक्रू राज्यं भृशं चिरम्
एतत्क्षेत्रे मृषारिश्च बाण–शङ्खौ विराटकः ।।५०
दिव्यत्रिंशत्सहस्राणि राज्यं चक्रुर्मुदात्र ते
विध्वंस्य देवराज्यानि अवलुण्ठ्य त्रिविष्टपम् ।५१

यही शिवलिंगका प्रभावले तिनीहरूले चिरकालसम्म राज्य गरे । यहीं वाणासुर, शंखासुर र सत्यवादी विराटक आदि दैत्य राजाहरूले पनि देवराज्य ध्वस्त पारी स्वर्गलाई नै लुटेर दिव्य तीस हजार वर्षसम्म राज्य गरे ।

यस पछि यो अध्याय समाप्तिको उपक्रममा लाग्छ । पहिलो अध्यायको अलिकति र आउने अध्यायको त्यस्तै अलिकति प्रसंग संझाउने चलन पनि यस हिमवत्खण्डमा छ । सो कुरा पनि यस अध्यायमा भेटिन्छ । यस अनुसार मीनतीर्थ, चन्द्रदीप्ति नदी, स्वर्ण नदी, कनखल तीर्थ, शक्रह्रद (इन्द्रदह), यक्षेश्वर, नंदिनी नदी र विष्णुपदी-(विष्णुमती) को नाम र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महिमा छोटकरीमा बताएर अध्याय समाप्त हुन्छ । अध्यायको अन्तिम पंक्तिले त्यस अध्यायको महिमा बताउँछ । यस १४० औं अध्यायको पाठ गर्नाले 'पुत्रसम्बन्धी शोकचिन्ता रहँदैन' भनिएको छ । पुराणहरूमा प्रायः अध्यायैपिच्छे त्यस अध्यायको नाम हुन्छ । यस १४० औं अध्यायको नाम पनि यस प्रकार छः—

इति श्रीस्कन्दपुराणे हिमवत्खण्डे नेपालमाहात्म्ये विरूपाक्ष तीर्थयात्रायां भस्मतीर्थ-चन्दन-भराटेश्वरयोर्माहात्म्यं नाम चत्वारिंशदुत्तर—शतमोध्याय-

यो स्कन्दपुराण हिमवत्खण्ड नेपालमाहात्म्य विरूपाक्षको तीर्थयात्रामा "भस्मतीर्थचन्दनभराटेश्वर माहात्म्य" भन्ने १४० औं अध्याय समाप्त भयो ।

उपसंहार—

यसरी पुराणमा चन्दनभराटेश्वर शिवलिंग र लिंग-तीर्थ भक्तजनको एउटै उद्देश्य प्राप्तिका निमित्त आपसमा संबद्ध देखिन्छन् । कालक्रमले यो कथा जनमानसमा कुनै कारणवश एकतर्फी भएको वा हुन पुगेको बुझिन्छ ।

"मत्तीर्थे च ततो गत्वा संजीविष्यति ते सुतः" अर्थात् "मेरो तीर्थमा गएपछि तिम्रो छोरा व्यूँतिनेछ" भनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्दनभराटेश्वर स्वयं भन्नुहुन्छ । यही क्षेत्रस्थित पार्वतीकुण्ड (मृत्युन्जय कुण्ड) पनि सो सन्दर्भमा मिल्छ । त्यस्तै– उहाँको तीर्थ अर्थात् चन्दनभराटेश्वर शिवलिंगको तीर्थ नै 'लिंगतीर्थ' (त्रिवेणी) हो ।

चन्दनभराटेश्वरबाट आफ्नो निष्पाण छोरो बोकेर ब्रह्मानन्द बाहुन भस्मगंगा, नवधारा र लिंगतीर्थ (त्रिवेणी) पुगी संकल्प सहित स्नान गराउँछन् । उनको छोरो ब्यूँतिन्छ । त्यताबाट दौडेर ती ब्राह्मण पुनः करुणामूर्ति शिवका सामु आएर स्तुति गर्दै लंपसार परेर ढोग्छन् । प्रभुप्रति अथाह कृतज्ञता निवेदन गर्दछन् ।

पुराण अनुसार चैत्रकृष्ण अष्टमीका दिन भस्मगंगा, नवधारा हुँदै विरूपाक्षले चन्दनभराटेश्वर शिवलिंगको पूजा गरेका थिए । पुत्रशोकमा विह्वल ब्रह्मानन्द कार्तिक शुक्ल नवमीका दिन चन्दनभराटेश्वर हुँदै त्रिवेणी पुगेको प्रसंग यहीं भनिसकियो ।

अब कलिकालमा यहाँ कार्तिक शुक्ल पूर्णिमाका दिन त्रिवेणी स्नानको परम्परा चलेको छ । यौ अनेक प्रसंगहरूले श्रद्धालु भक्त र भक्तवत्सल भगवान्का बीचको सामीप्य गराएका मात्र हुन् । भक्तले भगवान्लाई भेट्न साइत हेर्नु पर्दैन । तैपनि हाम्रा धर्मप्रेमी आस्थावान् पूर्खाहरूले बाँधि-दिएको यस नियमलाई हामीहरूले मान्नु पर्दछ । यही मर्यादा हो । हिमवत्खण्डमा नै भनिएको छ– पूर्णिमाको तीर्थस्नान सर्वश्रेष्ठ हो । यो बहुगुणित फलदायी हुन्छ । यो त्रिवेणी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेलाको तिथि नेपाली पञ्चाङ्गहरूमा पनि अंकित भइसकेको छ । यसलाई कायम राख्ने अब हामीहरूले पुराणका पुराना आधार बटुलेर कार्तिकशुक्ल पूर्णिमाका दिन त्रिवेणी – (लिंगतीर्थ) मेला भरेर सोझै त्यताबाट आई श्रीचन्दन-भराटेश्वर महालिंगको दर्शनपूजा गर्ने परम्परा बसाल्नु परेको छ । यस्तो अनिवार्यता देखिन्छ । हामी यस्ता पौराणिक धार्मिक आधारलाई नभुलौं । धर्मरक्षा गरौं । हामीले रक्षा गरेको धर्मले हामीलाई रक्षा गर्नेछ । 'धर्मो रक्षति रक्षितः ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट भाग

सूक्ष्मातिसूक्ष्मं कलिलस्य मध्ये
विश्वस्य स्रष्टारमनेकरूपम् ।
विश्वस्यैकं परिवेष्टितारं
ज्ञात्वा शिवं शान्तिमत्यन्तमेति ।।

श्वेताश्वतरोपनिषद् ४–१४

सूक्ष्मभन्दा सूक्ष्म रूपले सम्पूर्ण प्राणीमा निवास गर्ने, संसारका सृष्टिकर्ता, अनेक रूप भएका, यस विश्वलाई ढपक्कै ढाकेर रहेका कल्याणमूर्ति- (शिव) लाई जानेर जीव मुक्ति पाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माद्याः स्थावरान्ताश्च देवदेवस्य शूलिनः
पशवः परिकीर्त्यन्ते संसारवशवर्तिनः ।।
तेषां पतित्वाद्देवेशः शिवः पशुपतिः स्मृतः ।

-शिवपु. वायवीय सं. उ. भा. २-११

ब्रह्मादेखि लिएर संपूर्ण स्थावर-(रूखपर्वत) सम्मको यो सृष्टि भगवान् महादेवका निमित्त "पशु" हो । यो सृष्टि उत्पत्ति र विनाशरूप ससारको अधीनमा रहेको छ ।

यसैको पति भएकाले उहाँलाई पशुपति भनिएको हो ।

मल-मायादिभिः पाशैः स बध्नाति पशून् पतिः
स एव मोचकस्तेषां भक्त्या सम्यगुपासितः ।।

- शि. वा. स उ. २-१२

आसक्तिरूपी मल र अविद्यारूपी माया आदि-(४ प्रकारका पाश) दाम्लाले उनै पति हामी पशुहरूलाई बाँध्नु-हुन्छ । उहाँलाई भक्तिपूर्वक राम्ररी रिझायौं भने हामी पशुहरूलाई उहाँ नै मुक्त गरिदिनुहुन्छ ।

अतः हामी पशु हौं । उहाँ पति अर्थात् मालिक हुनुहुन्छ उहाँबाटै हामी बाँधिएका छौं । उहाँको मायाले हामीलाई बाँधेको छ । अतः उहाँलाई खुसी पार्न सक्यौं भने हामी मुक्त हुन्छौं । यही जीव र शिवको संबन्ध हो ।

यस्ता भगवान् पशुपतिनाथको अतुलनीय कलाले भरिएको अति प्राचीन मन्दिर हाम्रो देश नेपालमा छ । त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र ज्योतिर्लिंग रूप भगवान् पशुपतिनाथ नित्य विराजमान हुनुहुन्छ । उनै प्रभुका शरणमा हामीहरू जान्छौं । पूजा–अर्चना गर्दछौं । शास्त्रले श्रीपशुपतिनाथलाई अर्चावतार शिव भनेको छ । अतः हामीले उहाँको पूजा–अर्चना गर्नु शास्त्र-सम्मत हो । हामी यसो गर्दछौं र गर्नुपर्दछ ।

माथि भनि सकियो हामी जीव हौं; अतः पशु हौं । जीवले शिव पाउन सक्नुपर्ने हो तर हामी मल र माया आदिको पाशामा जकडिएका छौं । सितिमिति उहाँलाई जान्न सक्तैनौं । जस्तै– मैलाले ढाकेको हीराको औंठी आफैं झल्किदैन । धुनु पर्दछ । त्यसै गरी हामी मानिसहरू भित्र रहेको चेतन अज्ञानरूपी मैलोले ढाकेको हुनाले हाम्रो दिल प्रभुतिर जान जान्दैन । यसै मैलोलाई धुन प्रभुशरणागतिको अभ्यास गर्दै जानु पर्दछ । पशुपति जाने, दर्शन–पूजा गर्ने जस्ता कार्यहरू पनि मनको मैलो पखाल्ने साधनहरू नै हुन् ।

अब पशुपति जाने कसरी ? दर्शन परिक्रमा गर्ने कसरी ? यसै बारे यहाँ हामी सानो छलफल गर्नेछौं ।

"हे नाथ् पञ्चमुखी तिमी पशुपति श्रीगुह्यकाली तिमी" भनेर हामी सबै भन्दछौं । पशुपतिको ध्यान गर्दा "पञ्चवक्त्रं त्रिनेत्रम्" भनेको पनि हामीले सुनेका छौं ।

भगवान् पशुपतिका के कस्ता नामका पाँच महार छन् ? तीन आँखा के के हुन् ? यो अत्यन्त महत्त्वपूर्ण कुरा हो । जानिराख्नु पर्दछ । किनभने नेपालीले नेपालभित्र मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

होइन; बाहिर जाँदा पनि प्रभुलाई छातीभित्र लिएर गएको हुन्छ र हुनुपर्दछ ।

पञ्चवक्त्रं त्रिनेत्रम्

विष्णु धर्मोत्तर पुराणले भगवान् पशुपतिनाथका ५ श्रीमुखको यस प्रकार नाम लिएको छः–

सद्योजातं वामदेवमघोरं च महाभुजम्
तथा तत्पुरुषं ज्ञेयमीशानं पञ्चमं मुखम् ।

अर्थात् उहाँका ५ श्रीमुख सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान हुन् । यी पाँच श्रीमुखबाट यो संसार चलेको छ भन्ने कुरा पुराणहरूमा पाइन्छ । स्वयं शिवले यसो भन्नुभएको छः–

[1] "सर्गादियच्चतुःकृत्यं संसारपरिजृम्भणम्
पञ्चमं मुक्तिहेतुर्वै नित्यं मयि च सुस्थिरम् ।"

शिवपु. विद्येश्वर सं. १०–४

सृष्टि, पालन, संहार र निग्रह यति चार अवस्थालाई चतुःकृत्य भनिन्छ । यसलाई संसार–परिजृम्भण अर्थात् संसारको विस्तार भनिन्छ । पाँचौं कृत्य चाहिं उक्त चतुःकृत्यबाट मुक्ति प्राप्त हुनु हो । यसलाई अनुग्रह भनिन्छ ।

पशुपतिका पाँच श्रीमुख यी पञ्च कृत्यस्वरूप मानिन्छन् । उहाँको "सद्योजात" मूर्ति ब्रह्माको स्वरूप हो । यसबाट सृष्टिको बोध हुन्छ । "वामदेव" मूर्ति विष्णुस्वरूप हो ।

[1] कल्याण, शिवोपासनाङ्क १९९३ (सदाशिव–उपासना)

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालनको बोध हुन्छ । "अघोर" मूर्ति रुद्रस्वरूप हो; संहारको बोध हुन्छ र चौथो "तत्पुरुष" मूर्ति ईश्वरस्वरूप हो र यसबाट प्राणको निग्रह- (तिरोभाव) को बोध हुन्छ । यसरी प्रभुका ४ मूर्ति अन्तर्गत संसारको सृष्टि, पालन, संहार र तिरोभावको 'चतुःकृत्य' संपन्न हुन्छ ।

पाँचौं कृत्य "अनुग्रह" हो । भगवान् पशुपतिनाथको पाँचौं "ईशान" मूर्ति अनुग्रह अर्थात् मोक्षको बोधक मानिएको छ ।

उपर्युक्त ५ श्रीमुख मध्ये पूर्वढोकाबाट "तत्पुरुष", पश्चिमढोकाबाट "सद्योजात", उत्तरढोकाबाट "वामदेव" र दक्षिणढोकाबाट "अघोर" नामक श्रीमुखको दर्शन पाइन्छ । पाँचौं श्रीमुखको नाम "ईशान" हो । हामीले उक्त ४ श्रीमुखको मध्य- (ऊर्ध्व) भागमा ईशान श्रीमुखको दर्शन गर्नुपर्दछ ।

शिवपुराण सनत्कुमार संहिताका अनुसार "सद्योजात" (पश्चिमश्रीमुख) जाग्रत अवस्थाको, "अघोर" (दक्षिण श्रीमुख) स्वप्न अवस्थाको, "वामदेव" (उत्तर श्रीमुख) सुषुप्ति अवस्थाको र "तत्पुरुष" (पूर्वश्रीमुख) महाकुवेरको स्वरूप हो । यस्तै पाँचौं "ईशान" (ऊर्ध्वश्रीमुख) परब्रह्म परमात्माको स्वरूप, मोक्षरूप सदाशिव हो ।

पशुपतिनाथको यस्तो महिममण्डित श्रीविग्रहमा योगीहरूले योग र दार्शनिकहरूले अनेक तत्त्वको दर्शन पाएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । जस्तो कि उहाँको "सद्योजात" मूर्ति पृथ्वीतत्त्व, "अघोर" मूर्ति तेजस्तत्त्व, "वामदेव" जलतत्त्व, "तत्पुरुष" वायुतत्त्व र "ईशान" मूर्तिबाट आकाशतत्त्वको बोध हुन्छ । दार्शनिक शब्दमा यी ५ तत्त्व नै यस संसारका मूल रहेका छन् ।

यस्तै भगवान् पशुपतिनाथका पाँच श्रीमुखबाट वेदादिले ध्वनि पाएका छन् । जस्तो कि पूर्वश्रीमुख "तत्पुरुष" सामवेद-नादविस्तारक हो । यसै गरी दक्षिण "अघोर" अथर्ववेद, पश्चिम "सद्योजात" ऋग्वेद र उत्तरश्रीमुख "वामदेव" बाट यजुर्वेदको नादविस्तार हुन्छ । यस प्रकार चार श्रीमुखबाट ४ वेदको उच्चारण हुन्छ र पाँचौं श्रीमुख "ईशान" बाट ॐ कारादि समस्त मन्त्रको विस्तार हुन्छ भनिएको छ ।

एवं रीत घटघटवासी आशुतोष शंकर प्रभु श्रीपशुपतिनाथका ४ ढोकाबाट चारै धामको दर्शन गर्ने पनि विधान रहिआएको छ । यस अनुसार "सद्योजात" मूर्ति पश्चिम द्वारबाट द्वारका धाम, "वामदेव" मूर्ति उत्तरद्वारबाट केदार, "अघोर" मूर्ति दक्षिणढोकाबाट रामेश्वरम् र "तत्पुरुष" मूर्ति पूर्वढोकाबाट जगन्नाथजीको दर्शन गरिन्छ । ऊर्ध्वमूर्ति "ईशान" मा उही परब्रह्म परमात्मा सदाशिवको दर्शन हुन्छ । यसरी भगवान् पशुपतिनाथ "विश्वस्य एकं परिवेष्टितारम्" हुनुहुन्छ । उहाँको ध्यान गर्दा भनिने "पञ्चवक्त्रं" को अर्थ यही हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब उहाँलाई "त्रिनेत्रम्" भनेर जुन ध्यान गरिन्छ त्यसको छोटकरी अर्थ "सोम–सूर्याग्नि–नेत्रम्" हो । यस अनुसार भगवान् पशुपतिनाथका तीन नेत्र सोम (चन्द्र), सूर्य र अग्नि रूप हुन् । यस्तो उल्लेख विष्णुधर्मोत्तर पुराणमा पाइन्छ ।

शिवस्यार्धं प्रदक्षिणा

पशुपतिको प्रदक्षिणा अथवा कुनै पनि शिवलिङ्गको प्रदक्षिणा पूरै घुमेर गर्नु हुँदैन । उत्तरपट्टिको जलहरीलाई कहिल्यै पनि नाघ्नु हुँदैन । पाप लाग्दछ । यसैले "शिवस्यार्धं प्रदक्षिणा" भनेको हो ।

भक्तले भगवान्लाई दर्शन गर्न जुन वेला, जहाँबाट जसरी गरे पनि हुन्छ । आँखा चिम्म गरी संझिने हो भने भगवान् हाम्रै छातीभित्र झलमलाउनु हुन्छ । यो बेग्लै कुरो हो । जहाँसम्म नियमपूर्वक घुमेर पशुपतिनाथको दर्शन गर्छु भन्ने सवाल छ भने यसका निमित्त खास–खास नियम पालन गर्नु अनिवार्य हुन्छ । अनि चारै ढोकाबाट प्रभुको प्रत्येक मुहारको दर्शन गर्न पनि भक्तको इच्छा रहेको छ भने शास्त्रले बताए बमोजिम परिक्रमा गर्नु पर्दछ । यसो नगरे प्रत्यवाय लाग्दछ ।

हाम्रो हिमवत्खण्ड, नेपाल माहात्म्यमा यस बारे के छ ? अलिकति छलफल गरौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पशुपतिको आसपास रहने सौभाग्य पाएका देवतालाई नाघेर पशुपतिमन्दिरमा प्रवेश गर्नु र जताबाट मन लाग्यो उतैबाट घुम्नु, दर्शन गर्नु हुँदैन । वासुकि, कीर्तिमुख भैरव, गणेश र नन्दीहरूको दर्शन नगरी पशुपतिनाथको दर्शन गऱ्यो भने फल प्राप्त हुँदैन । यति मात्र होइन यसो गरेमा विघ्न पनि पर्न सक्तछ । स्वयं पशुपतिनाथले यो कुरा भन्नु भएका छ ।

प्रथमं न नमस्कृत्य त्वां मद्द्वारि नराधमः
यः प्रवेशति मां द्रष्टुं निःफलात्मा भवेन्नरः ।।

– हि. ख. १५८।५२

हे वासुकि! जुन नराधम तिम्रो दर्शन नगरी मेरो दर्शन गर्न मन्दिरतिर लाग्छ त्यस मानिसको दर्शन निरफल भै जाओस् ।

भो लम्बोदर भो क्षेत्र नन्दि–भृंगि–दिशांवराः
यूयं रक्षथ मत्क्षेत्रं स्थित्वा द्वारेषु सन्ततम् ।।
नापश्यन् येऽनमन् युष्मान् आयान्ति च मदन्तिकम्
विघ्नं ददत यूयं वै तेभ्यो देवाः पदे पदे ।।

– हि. ख. १५८–५८,५९

हे लम्बोदर गणेश! हे क्षेत्रपाल कीर्तिमुख भैरव! हे दिगम्बर नन्दी, भृंगीहरू हो । तिमीहरू सबै सधैं मेरा ढोका-हरूमा बसेर मेरो ठाउँको रक्षा गर । जो तिमीहरूलाई नमस्कार नगरी मेरो सामुन्ने आउँछन् तिनीहरूलाई तिमी-हरू सबै देवताले पाइलैपिच्छे विघ्न पारी दिनू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्तिमुख भैरव पशुपति स्थानका प्रथम स्थान प्राप्त क्षेत्रपाल हुन्। उनको अनुमति नपाई मन्दिरभित्र पस्नु हुँदैन। यस बारे यस्तो उल्लेख छ–

त्वं कीर्तिमुख संज्ञो हि भव मद्द्वारगः सदा
नार्चयन्तीह ये पूर्वं तेषामर्चा वृथा भवेत्॥
– पद्मपुराण, उ. खं. ९९ अ.

हे कीर्तिमुख भैरव! तिमीले सधैं मेरो ढोकामा रहनू। जो पहिले तिम्रो पूजा नगरी (मेरो मन्दिरतिर लाग्ला) त्यसले गरेको मेरो पूजा निस्फल भइजाओस्।

यस्तो पशुपतिनाथको आज्ञा छ। अतः उहाँको दर्शन–पूजा गर्न जानु अगि चौसट्ठीको दक्षिण ढोकाबाट भित्र अन्तः परिसरमा प्रवेश गर्नासाथ कीर्तिमुख भैरवसंग दर्शनको अनुमति माग्नु पर्दछ। अनुमति यसरी मागिन्छ–

"नमो नमस्ते भगवन्! वर भैरव क्षेत्रप!
अनुज्ञां देहि यात्रायै ज्योतिर्लिङ्गेश्वरस्य हि॥"

हे भगवान् क्षेत्रपाल! हे कीर्तिमुख भैरव! मलाई ज्योतिर्लिङ्गेश्वर भगवान् पशुपतिनाथको दर्शन गर्ने आज्ञा दिनुहोस्।

यो त भयो मन्दिरमा पुग्ने वेलामा याद राख्नु पर्ने कुरा। जब हामी पूरा पशुपतिक्षेत्र घुमेर प्रभुमन्दिरतिर लाग्ने क्रममा हुन्छौं; यसका लागि आदित्यपुराणमा संकेत गरे अनुसार शिवालयको ३ प्रदक्षिणाको नियम लगाउनु राम्रो हुन्छ। जस्तो कि त्यहाँ यस्तो उल्लेख छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदक्षिणत्रयं कुर्याच्छिवस्यायतने नरः
अश्वमेधसहस्रस्य फलं प्राप्नोति मानवः ।।

शिवमन्दिरको तीन पल्ट प्रदक्षिणा गर्नुपर्दछ । यसो गर्नाले मानिस हजार अश्वमेध यज्ञको फल पाउनेछ ।

पशुपतिनाथको यस्तो प्रदक्षिणाको आरम्भ गौरीघाटबाट गर्नुपर्दछ । त्यहाँ स्नान–पूजा सकेर किराँतेश्वर महादेवको दर्शन-पूजा गरी तल ओर्लिनु पर्दछ । त्यताबाट उत्तरवाहिनी वाग्मतीको दर्शन गरी गुह्येश्वरीको पूजा–दर्शन गर्नू । त्यस पछि मृगस्थली चढेर त्यहाँ गौरीकुण्ड, गोरखनाथ, विश्वरूप, सीताराम, लक्ष्मीनारायण, विष्णु, नीलसरस्वती, मंगला-गौरी, भस्मेश्वर, आर्यातीर्थ, त्रिवेणी, मृगेश्वर, विरूपाक्ष, वत्सला गौरी, चौसट्ठी हुँदै दक्षिणद्वारबाट अन्तःपरिसरमा प्रवेश गर्नुपर्छ । अनि कीर्तिमुख भैरवको अनुमति–दर्शन गरी त्यताका शीतला, उन्मत्त भैरव, अष्टमातृका, नवग्रह, हनुमान्, सत्यनारायण आदिको दर्शन गर्नुपर्दछ । यसै वेला श्रीपशु-पतिनाथको पश्चिममुहारका सामु विराजमान नन्दीको दर्शन हुन्छ । अनि भृंगगण, ज्वरेश्वर, चण्डेश्वर, वासुकि नागराज, ढुण्डिगणेश, सूर्य, अपमृत्युहरेश्वर, गुप्तेश्वर आदिको दर्शन–पूजन गरेपछि त्यताबाट आर्यातीर्थ- (आर्यघाट) लाई नमस्कार गर्नुपर्दछ । अनि मुक्तिमण्डपमा केही क्षण विश्राम गर्दै श्रीसदाशिवको स्मरण–जप आदि पनि गर्न सकिन्छ । यहाँ अडेर पशुपतिनाथको श्रीविग्रह "पञ्चवक्त्रं", "त्रिनेत्रं"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को चिन्तन-मनन गर्नु उपयोगी हुन्छ । कुनै वरदानको इच्छाले आफू आएको भए सो स्मरण गर्नु राम्रो हुन्छ । यति गरी सन्तापहारेश्वर तथा श्रीकृष्णको पनि दर्शन गर्नुपर्दछ । अनिमात्र भगवान् पशुपतिनाथका चारै ढोकाबाट उहाँका चारै श्रीमुखको नियमपूर्वक दर्शन गर्ने शास्त्रीय विधान रहेको छ ।[1] "त्यताबाट पश्चिम प्रदक्षिणाक्रमले धर्मशिलाको दर्शन-पूजा गरी दक्षिणद्वारबाट प्रवेश गरेर भगवान् पशुपतिनाथका समस्त मुखविग्रहको विधिक्रमानुसार दर्शन र पूजन गर्नु पर्दछ ।"

यसमा विद्वान्हरूले लामो शास्त्रीय छलफल गरेका छन् । यहाँ छोटकरी विधि यस प्रकार बताइन्छः-

पशुपति-दर्शनका सम्बन्धमा योगी, ब्रह्मचारी र गृहस्थीका लागि बेग्ला-बेग्लै नियम रहेको पाइन्छ । गृहस्थी-का सम्बन्धमा "सव्यापसव्यं गृहिणो नित्यं शम्भोः प्रदक्षिणम्" भन्ने वचन छ । पशुपति-दर्शनपद्धति भन्ने सूचनाविभागको पुस्तिकामा र हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ भन्ने सानो पर्चामा दर्शनक्रम क्रमशः दक्षिण र पश्चिमद्वारबाट आरम्भ गर्ने विधान बताइएको छ । यी दुवैलाई आधिकारिक मानेका खण्डमा भगवान् पशुपतिनाथको दर्शन दक्षिणढोकामा पुगेर त्यहींबाट अथवा पश्चिम ढोका आएर प्रारम्भ गर्नुपर्ने

---

[1] श्रीपशुपति-दर्शन-पद्धति तथा माहात्म्य, श्री ५ को सरकार, सूचना विभाग वि. सं. २०४४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ । जसरी गरे तापनि "प्रणालं नैव लङ्घयेत्" भन्ने शास्त्रीय वचन अनुसार उत्तरमुखी जलहरीलाई ननाघी दर्शन गर्नु पर्दछ । यस प्रकार सव्य र अपसव्य, बायाँविधि र दायाँ-विधिले मन्दिरको परिक्रमा गर्नु पर्दछ ।

जस्तै– दक्षिणमूर्ति "अघोर", पूर्वमूर्ति "तत्पुरुष" र उत्तरमूर्ति "वामदेव" को दर्शन गरी फर्केर पुनः पूर्वमूर्ति "तत्पुरुष", दक्षिणमूर्ति "अघोर" को दर्शन गरी त्यताबाट पश्चिममूर्ति "सद्योजात" र उत्तरमूर्ति "वामदेव" को पुनः दर्शन गरी फेरि त्यताबाट फर्की पुनः पश्चिममूर्ति "सद्योजात" को दर्शन गरेर दर्शनक्रम समाप्त गरिन्छ ।

यस्तै पश्चिमढोकाबाट प्रारम्भ गर्ने हो भने पनि प्रथम पश्चिम अनि उत्तर गई त्यताबाट फर्केर क्रमशः पश्चिम, दक्षिण, पूर्व र उत्तर पुग्नुपर्दछ । अनि त्यताबाट पूर्व, दक्षिण भई दर्शन समाप्त गर्न सकिन्छ ।

एवं रीतले भगवान् पशुपतिनाथको प्रत्येक श्रीविग्रहको २ पल्ट प्रदक्षिणा हुन्छ । "शिवस्यार्धं प्रदक्षिणा" को नियम पनि पालन गरिन्छ । अनि अन्तःपरिसरको पूरै परिक्रमा समेत जोड्दा "प्रदक्षिणत्रयम्" को शास्त्रवचन पनि पूर्ण हुन जान्छ ।

विशेष पर्व–उत्सव आदिमा यसरी विस्तारपूर्वक प्रदक्षिणा गर्न असंभव हुन सक्तछ । यस्तो परिस्थितिमा प्रभु-संग क्षमायाचना गर्दै जे–जस्तो किसिमले दर्शन मिल्दछ सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु पर्दछ । प्रभुसंग यस प्रकार क्षमा माग्नु पर्दछः—

दीनोऽस्मि ज्ञानहीनोऽस्मि प्रणतोऽस्मि च शंकर
कुरु प्रसादं देवेश अपराधं क्षमस्व मे ॥

— स्कन्दपुराण, अवन्ती खण्ड लिङ्ग मा. ७७।४४

"हे भगवन्! दुःखी छु, ज्ञानहीन छु, प्रभुको शरण आएको छु; हे देवेश! मेरो अपराध क्षमा गर्नु होस् ।" देवाधिदेव महादेव पशुपतिका अनन्त विग्रह छन् । पञ्चवक्त्र, षडाम्नाय अथवा अष्टमूर्ति आदि अनेक विग्रहमा प्रभु "विश्वस्य स्रष्टारमनेकरूपम्" हुनुहुन्छ । अनि आशुतोष र भक्तवत्सल हुनुहुन्छ । यतिमात्र हो कि हाम्रो उहाँप्रति अनन्यनिष्ठा हुनुपर्दछ । निश्छल शरणागतिको भावना हुनुपर्दछ । यसो भएमा श्रीपशुपतिनाथ हाम्रै साथ रहनुहुन्छ । हेरौं एक भक्तको यो भनाइ हामीलाई कस्तो लाग्दछ!

[1] **"महादेव महादेव महादेवेति वादिनम्**
वत्सं गौरिव गौरीशो धावन्तमनुधावति ॥
'महादेवै' भनि भक्त जो दौडिन्छ यताउति
लैनो गाईले बाछो झैं पछि लाग्छन् उमापति ॥

यस्तै शरणागतिको भावना हामी पनि जन्माउन सकौं, हाम्रा मन—मस्तिष्क प्रभुप्रति लागून । यही प्रार्थनाका साथ "परिशिष्ट" समाप्त गरिन्छ । मरी जाने यस नरजुनीमा

---

[1] कल्याण (शिवोपासनाङ्क) सन् १९९३, ब्रह्मलीन स्वामी श्रीकरपात्रीजीको "श्रीशिवतत्त्व" शीर्षक लेखबाट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् पशुपतिनाथको कृपा चाहिन्छ । यसैबाट यस जुनीको सार्थकता पनि हुन्छ । जस्तै भनिएको छः—

[1] "शिवप्रसादेन विना न सिद्धिः
शिवप्रसादेन विना न बुद्धिः ।
शिवप्रसादेन विना न युक्तिः
शिवप्रसादेन विना न मुक्तिः ॥"

—o—

[1] वेदान्त—दिग्दर्शन, स्वामी नरेश्वरानन्द ।
प्रथम संस्करण—२०४१ वि. सं. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भसहायक –
सामग्री-सूची

(१) कुमारसंभवम्
निर्णय सागर मुद्रणालयम्, मुंबई – २
(सन् १९५५) चतुर्दश संस्करणम् ।

(२) नेपालमाहात्म्य (प्रथमसंस्करण, २०२८ वि. सं.)
– अनुवाद–मुक्तिनाथ खनाल
नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

(३) नेपालमाहात्म्यम् (प्रथम संस्करण २०३३ वि. सं.)
पार्वती व्याख्या– पं. श्रीकेदारनाथ शर्मा ।
चौखम्बा अमरभारती प्रकाशन
वाराणसी, भारत ।

(४) स्कन्दपुराणस्य अम्बिकाखण्डम् ।
महेन्द्र–संस्कृत विश्वविद्यालय प्रकाशनम् ।
वि. सं. २०४५

(५) अष्टादश–पुराण–परिचयः
डा. श्रीकृष्णमणि त्रिपाठी
चौखम्बा संस्कृतभवन, वाराणसी, भारत
प्रथम प्रकाशन २०३७ वि. सं. ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२९४८६

AUTHOR रूपारेवती, श्रीहरि

TITLE त्रिवेणी माहात्म्य

२९४८६

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



पुस्तक पाइने ठाउँहरू :–

१. श्रीइन्द्रविनायक सत्संगमन्दिर
थानकोट, इमाखेल ।

२. श्रीचन्दनभराटेश्वर कीर्तनमण्डल समिति
महादेवस्थान ।

३. रामभगत खत्रीको पसल
थानकोट–चेकपोष्ट, डोवाटो ।

४. त्रि० ध० सं० परिवार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu